# पंचायत

## एक अध्ययन

.5
IG

320.5
HMG
political ideology

# पञ्चायत

एक

# अध्ययन

प्रथम संस्करण २०३३
५,००० प्रति

प्रकाशक–
श्री ५ को सरकार
सञ्चार मन्त्रालय
सूचना विभाग

8985

मुद्रक:– श्री ५ को सरकारको छापाखाना सिंहदरबार

# विषय–सूची


| | |
|---|---|
| २०१७ पुस १ गतेको परिवर्तन | १ |
| गाउँ पञ्चायत | ४ |
| नगर पञ्चायत | ७ |
| जिल्ला पञ्चायत | १० |
| राष्ट्रिय पञ्चायत | १३ |
| गाउँफर्क राष्ट्रिय अभियान | १५ |
| वर्गीय संगठन | १८ |
| पञ्चायत प्रणालीका आधारभूत सिद्धान्तहरू | २१ |
| साझा अर्थ व्यवस्था | २४ |
| संविधानको दोस्रो संशोधन | ३१ |
| पञ्चायती व्यवस्थाका विशेषताहरू | ३३ |
| पञ्चायत इतिहासका पानाबाट | ३५ |

# २०१७ पुस १ गतेको परिवर्तन

२००७ साल फागुन अघिसम्म नेपालमा राणा एकतन्त्रवाद थियो। शताब्दीसम्म विक्रम सम्बत् १९०३ देखि वि. सं. २००७ सालसम्म राणा पारिवारिक एकतन्त्री शासनले राजनैतिक क्षेत्रमा जनताका सम्पूर्ण मानवोचित हकहरू खोस्यो भने आर्थिक क्षेत्रमा मुलुकको सबै सम्पदा, स्रोत र सम्पत्तिलाई आफ्नै निजी धन बनायो। अशिक्षा, गरिबी र रोग मात्र जनताले पाए। राणा शासकहरूले जनतालाई अन्धकारमा डुबाएर अत्याचार र अन्यायलाई चरम सीमामा पुऱ्याए। त्यो दानवीय शासन पद्धतिलाई सिध्याउन जनता र राजाको संयुक्त प्रयास भयो। २००७ सालमा राणा एकतन्त्रवादको विरूद्ध भएको जन-क्रान्तिको नेतृत्व स्वर्गीय श्री ५ त्रिभुवनबाट गरिबक्स्यो। मौसूफबाट जनताको प्रजातान्त्रिक हक र अधिकारको लागि आफ्नो राजमुकुट र ज्यानको बाजी लगाइबक्स्यो। मौसूफको महान् कदममा मौसूफलाई स्वर्गीय श्री ५ महेन्द्रबाट साथ र सहयोग बक्स्यो। त्यसरी राजा, राजपरिवार र जनताको संयुक्त प्रयासबाट राणा एकतन्त्री शासनको किल्ला तासको घर झैं ढल्यो। देशमा २००७ साल फागुन ७ गते प्रजातान्त्रिक व्यवस्थाको घोषणा स्वर्गीय श्री ५ त्रिभुवनबाट गरिबक्स्यो।

२००७ सालदेखि २०१७ सालसम्म नेपाल दलीय संसदीय व्यवस्थाको परीक्षण गरियो। सो १० वर्षको अवधिमा नेपाल राजनीतिक दलहरूले आफ्नो कालो करतूत पूरापूर देखाए। सो बखत प्रतिदिन एक नयाँ दल खडा हुनु, एक दल फुटेर अनेकौं समानान्तर दलहरू खडा हुनु र एक दलले अर्को दलको खुट्टा तान्नु नै दिनचर्या भयो। हरेक दलका नेता केवल मीठा भाषण गर्दथे, दलका भरौटे रुचिकर नारा लाउँथे र सीधासाधा जनतालाई झुक्याउँथे। झरीका च्याउ झैं उम्रेका र जन-जीवनसंग अलिकति पनि सम्बन्ध नभएका दलहरूको नीच प्रवृत्ति देखेर

जनता वाक्क भैसकेका थिए । राजनीतिक दलका नेतालाई भाषण र शासनको आशन चाहिन्थ्यो भने उनका भरौटे टट्टूहरूलाई कोटा, ठेक्का र पट्टा चाहिन्थ्यो । उता जनता भने आफ्ना सारा सपना, आकांक्षा र अभिलाषा चूर भएको हेरिरहेथे । नीच स्वार्थी दलहरू भने आफ्नो प्रभाव र प्रभुत्व जमाउन चाहिने पैसा जुटाउन विदेशी शक्तिहरूको सामु घुडाटेकी हात फैलाउनसम्म पनि हच्कदैनथे । राजनीतिक दलहरूको त्यस्तो घृणित चालबाजीबाट देशको सार्वभौमिकता, स्वतन्त्रता एवं अखण्डता नै खतरामा पर्ने प्रष्ट संकेतहरू देखा परे ।

२००७ सालदेखि २०१७ सालको १० वर्षको अवधिमा राजनीतिक दलहरूको स्वार्थी कुचक्रले गर्दा मुलुकमा भयंकर राजनीतिक अस्थिरता देखा पऱ्यो । तानातानीले विकास भने शून्यप्राय भयो । व्यक्तिगत स्वार्थले बल पायो । कुनै ठोस आर्थिक उन्नति देशको हुन सकेन । द्वेष, फूट, कलह र गूटबन्दीले गर्दा सामाजिक स्थिति धमिलिएर साम्प्रदायिकता र प्रान्तीयताले कालो मुख देखाउन थाल्यो । हुँदा हुँदा राष्ट्रिय विकास, राष्ट्रियता, राष्ट्रिय एकता, स्वतन्त्रता र सार्वभौमिकता नै खतरामा पऱ्यो । नेपाल र नेपालवासीले त्यो सहन सक्ने कुरो भएन । दलबन्दी प्रथाको यो घृणित जडावरी मिल्काउन देश र देशवासीले कम्मर कसे । मुलुक र मुलुकीको त्यो आन्तरिक अभिलाषा पूरा गर्ने स्वर्गीय श्री ५ महेन्द्रले २०१७ साल पुस १ गते नयाँ क्रान्तिकारी पाइलो चालिबक्स्यो । दलीय संसदीय प्रथाको अन्त गरिबक्स्यो । जनताले सो ऐतिहासिक दिनलाई मुक्ति दिवसको रूपमा हर्षोल्लासका साथ मनाए । त्यस प्रकारको ऐतिहासिक आवश्यकता र अवस्था युगको आह्वान, देशवासीको पुकार र समयको माग अनुसार स्वर्गीय श्री ५ महेन्द्रबाट देशलाई लोक सम्मतिको आधारमा तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने शासन व्यवस्थाको सञ्चालन गरी प्रजातान्त्रिक, गतिशील र शोषणरहित समाजको सिर्जना गर्ने पञ्चायत व्यवस्था बक्स्यो । यसैले निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको प्रणेता स्वर्गीय श्री ५ महेन्द्र होइबक्स्यो । पञ्चायती व्यवस्थाले देशमा शान्ति सुव्यवस्था कायम गर्नुको साथै विकास प्रक्रियालाई तीव्रतर पाऱ्यो । भूमिसुधार कार्यक्रमले मुलुकमा वर्ग समन्वयको लागि युगान्तकारी भूमिका खेल्यो । नयाँ मुलुकी ऐनले नेपाली समाजमा सुधारको लहर ल्यायो ।

स्वर्गीय श्री ५ महेन्द्रको स्वर्गारोहण पछि पञ्चायती व्यवस्थाले

ईङ्गित गरेको मार्गमा देशलाई निरन्तर प्रगति र समुन्नतिको दिशामा अगाडि बढाउने अभिभारा राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव-को काँधमा आइपऱ्यो। राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट पञ्चायती व्यवस्थाको दल-विहीनता, वर्ग समन्वय र विकेन्द्रीकरण जस्ता अतुलनीय सिद्धान्तलाई कायमै राखिबक्सी नेपालको संविधानको दोस्रो संशोधन २०३२ सालमा देशलाई बक्स्यो। संविधानको दोस्रो संशोधनले निर्दलीय प्रजातन्त्री पञ्चायत व्यवस्थाको मान्यता अनुरूप राजनैतिक पद्धतिको उचित रूपमा विकास गराउँदै पञ्चहरूलाई बढी अनुशासित, सुसंगठित र जनमुखी तुल्याउन, राष्ट्रिय अर्थ व्यवस्थालाई मजबूत र सुदृढ पार्न र सम्पूर्ण देशवासीलाई अनुशासन, संयम र क्रियाशीलता तर्फ बढाउन युगान्तकारी देन दिएको छ। यसबाट मुलुकको विकास अभियानमा जन-सहभागिता बढाउन र परिचालन गर्न ठूलो सघाउ भएको छ।

# गाउँ पंचायत

पञ्चायत नेपालको व्यवस्था, दर्शन र जीवन पद्धति भएको छ । यस व्यवस्थामा तीन तह छन्– गाउँ वा नगर तहमा गाउँ पञ्चायत र नगर पञ्चायत, जिल्ला स्तरमा जिल्ला पञ्चायतहरू र सर्वोच्च विधायिकाको रूपमा राष्ट्रिय पञ्चायत ।

पञ्चायती व्यवस्था तलैदेखि उठेको व्यवस्था हो । यसमा सम्पूर्ण जनताको क्रियाशील सहयोग रहन्छ । यसैले सर्वप्रथम शासन सर्वसाधारण जनतालाई सम्मिलित गराउन र व्यवस्थाका हरेक गतिविधि र विकास कार्यमा जन सहभागिता र जन-सहयोग निरन्तर प्राप्त गर्ने र परिचालन गर्न देशका असंख्य गाउँहरूमा गाउँ पञ्चायतहरू गठन गर्ने व्यवस्था छ । नेपालका गाउँ पञ्चायतहरूको काम, कर्तव्य र अधिकार तथा उनीहरूको राजनैतिक, सामाजिक एवं विकास सम्बन्धी दायित्व र अभिभारा अध्ययन गरेपछि "जनताद्वारा, जनताको लागि, जनताको शासन" को वास्तविक अर्थमा व्यवहारमा प्रयोग भएको कुरा पञ्चायती व्यवस्था अन्तर्गत नै पाउँछौं । पञ्चायती व्यवस्थाको अध्ययन गर्न प्रथमतः गाउँ पञ्चायतको गठन, काम कर्तव्य र आर्थिक स्रोतको व्यवस्थाको अध्ययन गर्नु नितान्त आवश्यक छ ।

कुनै ग्रामीण क्षेत्रको जनसंख्या, भौगोलिक सीमाना आदि जाँची त्यस क्षेत्रलाई श्री ५ को सरकारले "गाउँ पञ्चायत क्षेत्र" भनेर तोक्दछ । नेपालमा अहिले त्यस्ता गाउँ पञ्चायत क्षेत्रको कुल संख्या ३,३३० छ ।

जनसंख्याको आधारमा एक गाउँ पञ्चायत क्षेत्रलाई ९ वडाहरूमा

बाडिइन्छ। त्यस्तो एक वडाबाट ५ जना गाउँ सभाका सदस्यहरू निर्वाचित हुन्छन्। ती सदस्यहरूको समितिलाई वडा समिति भनिन्छ। एक वडा समितिबाट गाउँ पञ्चायतमा १ सदस्य चुनिइन्छ। वडा समितिबाट गाउँ पञ्चायतका लागि सदस्यको रूपमा चुनिएको सदस्यले नै सो वडा समितिको अध्यक्षता पनि गर्दछ।

गाउँ पञ्चायत क्षेत्रमा ९ वडा हुने र १ वडाबाट ५ जना गाउँ सभाका सदस्य चुनिइने हुँदा गाउँ सभामा कुल ४५ जना सदस्य हुन्छन्। गाउँ सभाको सदस्यको चुनावमा गाउँ पञ्चायत क्षेत्रका २१ वर्ष पुगेका स्थायी बासिन्दा नेपाली नागरिकले भाग लिन्छन्। गाउँ सभाको सदस्यहरूको कार्यकाल ४ वर्ष हुन्छ।

प्रत्येक वडाका सदस्य समूहबाट एक जना सदस्य गाउँ सभाका सदस्यहरूले चुनेर गाउँ पञ्चायतमा पठाउँदछन्। यसरी ९ वडाका सदस्य समूहबाट ९ जना सदस्यहरू गाउँ पञ्चायतमा पठाउँछन्। गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले २ जना सदस्य (कुनै पनि महिला चुनिएर नआएको भए कम्तीमा एक जना महिला) गाउँ पञ्चायतमा मनोनीत गर्दछ। यसरी गाउँ पञ्चायतमा सदस्य संख्या ११ हुन आउँछ। गाउँ पञ्चायतका सदस्यले आफूमध्येबाटै प्रधान–पञ्च र उप-प्रधानपञ्च चुन्दछन्। प्रधानपञ्च, उप-प्रधानपञ्च र सदस्यहरू समेत ११ जनाको गाउँ पञ्चायत हुन्छ।

गाउँका जनताको सुख, सुविधा र सम्वृद्धिका लागि कार्यरत हुनु गाउँ पञ्चायतको कर्तव्य हो। गाउँमा शिक्षा, स्वास्थ्य सेवा, खानेपानी, सरसफाइको व्यवस्था गर्नु र कृषि, पशुपालन र हाट बजार बढाउने काम गर्नु गाउँ पञ्चायतको काम हो। बाटो, पुल, धर्मशाला आदिको निर्माण र मर्मत, पञ्चायती बन र बन्य-जन्तुको संरक्षण, तथा संस्कृति र खेलकूदको विकासार्थ प्रोत्साहन दिने काम पनि गाउँ पञ्चायतकै हो। गाउँ पञ्चायतले आफ्नो जिम्माको विकास र निर्माणको काम गर्दछ। साथै पञ्चायतको हकको सम्पत्तिको रेखदेख र संरक्षण पनि गाउँ पञ्चायतले नै गर्दछ। यी सबै रचनात्मक एवं जवाफदेहीपूर्ण कार्यहरू गर्न गाउँ पञ्चायत कोष खडा हुन्छ। सो कोषमा व्यापार, पेशा र सवारी कर, मेला कर, भेला हाटमा चौपाया खरीद बिक्री दस्तूर, सरकारी सहायता, कान्जी हाउसमा उठेको जरिवाना, चन्दा, ठेक्काबाट उठेको रकम र अरू सेवाबाट उठेको आम्दानी जम्मा गरिन्छ।

प्रधानपञ्चले गाउँ पञ्चायतको बैठक महीनामा कम्तीमा एक पटक बोलाउने, गाउँ पञ्चायतद्वारा पारित प्रस्ताव कार्यान्वित गर्ने, जिल्ला

पञ्चायतले मागेको प्रतिवेदन दिने, गाउँ पञ्चायतको सम्पत्तिको हेरचाह, कम-चारीको कामको रेखदेख, स्याहा स्रेस्ता (गाउँ सभा समेत) को ठीक राख्न लगाउने काम आदि गर्दछन् । साथै निजले उचित कारण देखेमा गाउँ सभाको असाधारण बैठक बोलाउने काम पनि गर्दछन् । प्रधानपञ्चले दिएको आदेश बमोजिम निजका काम कार्यवाही र कर्तव्यको पालन उप-प्रधानपञ्चले गर्न सक्तछन् । प्रधानपञ्च अनुपस्थित हुँदा उप-प्रधानपञ्चले गाउँ पञ्चायतको बैठकको सभापतित्व गर्दछन् । प्रधानपञ्च उपस्थित नहुँदा वा नभएका बखत अथवा प्रधानपञ्चले अधिकार प्रत्यायोजन गरेमा उप-प्रधानपञ्चले नै प्रधानपञ्चका अरू काम कार्यवाही र कर्तव्य पालना पनि गर्दछन् ।

दुर्गम र विकट भेकका गाउँहरूमा बस्ने असंख्य निरक्षर, असहाय र अभावग्रस्त गाउँले दाज्यूभाइहरूलाई संगठन, सद्भावना, सहयोग र समन्वयका आधारमा र गाउँको द्रुततर विकासार्थ जाग्रत र एकताबद्ध हुन प्रेरणा, हौसला र मार्ग प्रदान गर्दै स्थानीय साधन र स्रोतको अधिकतम परिचालन गर्ने दिशामा गाउँ पञ्चायतहरू व्यवस्थाले ईंगित गरेका लक्ष्य प्राप्तिका लागि कटिबद्ध र सक्रिय छन् ।

# नगर पंचायत

पञ्चायती व्यवस्था अन्तर्गत शहरी क्षेत्रमा प्रारम्भिक तहको संगठन नगर पञ्चायत हो । हुनत विकासोन्मुख राष्ट्र भएकोले नेपालमा तुलनात्मक दृष्टिले शहरी क्षेत्रको संख्या कमै छ भन्नु पर्दछ। तर यो संख्या देशको विकासको प्रक्रयाको साथै बढिरहेको छ । सदैव विकसित र विस्तारित हुँदै गएका शहरीक्षेत्रमा नगर पञ्चायतहरू गठन गरिन्छन् । नगर क्षेत्रमा वस्ने मानिसहरूको सुख, सुविधा र सहूलियतका निमित्त नगर पञ्चायतहरूका काम कर्तव्य र अधिकारहरू निर्धारित गरिएका छन् । नौ हजारसम्म जनसंख्या पुगेका शहरी क्षेत्रमा नगर-पञ्चायतको व्यवस्था हुन्छ । शहरहरूमा समाजको कल्याण र सेवामा सक्रियरूपले भाग लिंदै आएका पञ्चहरूले नगर पञ्चायतमा स्थान पाउने हुँदा नगर पञ्चायत वास्तविक रूपमा पञ्चहरूको सेवास्थल हो। पञ्चायतको राजनीतिक संगठनमा नगर पञ्चायत गाउँ पञ्चायत झैं आधार तह हो तर शहरीकरणको प्रक्रयाको तीव्रता एवं शहरवासीका समस्याहरूको बाहुल्यले गर्दा नगर पञ्चायतले पूरा गर्नुपर्ने कामहरू निकै जटिल छन् तर साधन र स्रोत पनि जुटाउन शहरी क्षेत्रमा सहज हुँदा नगर पञ्चहरूले पाउने जनप्रियता र मान्यता पनि बहुतै आकर्षक छ । पञ्चायती व्यवस्था सुविधा र सहूलियतमाभन्दा सेवामा विश्वास र आस्था राख्दछ। यसैले शहरी क्षेत्रमा समाज-सेवामा जीवन अर्पण गर्न चाहनेको सार्है उपयुक्त थलो नगर पञ्चायत हो। यो निश्चित कुरा हो कि जसले मन, बचन, कर्मले सेवा गर्दछ जनताले पञ्चायती व्यवस्थामा त्यसको कदर पनि उचित रूपमा गर्दछ । फलस्वरूप व्यवस्थाका माथिल्ला सिंढीमा पुग्न जन-सेवीको सही मूल्याङ्कन हुन्छ र तदनुरूप अवसर पनि प्रदान गरिन्छ ।

हाल नेपाल अधिराज्यमा १६ नगर पञ्चायतहरू छन् । ती नगर

पञ्चायतहरू काठमाडौं, ललितपुर, भक्तपुर, विराटनगर, जनकपुर, वीरगञ्ज, भैरहवा, पोखरा, नेपालगञ्ज, हेटौंडा, राजविराज, धरान, भद्रपुर, इलाम, पाल्पा, लाहान, धनगढी, वीरेन्द्रनगर र बुटवलमा छन् ।

९,००० सम्म जनसंख्या भएको शहरी क्षेत्रलाई श्री ५ को सरकारले "नगर पञ्चायत क्षेत्र" भनी तोक्दछ । त्यस्तो नगर पञ्चायत क्षेत्रलाई पहिले वडाहरूमा बाडिइन्छ। एक नगर पञ्चायत क्षेत्रमा ९,००० जनसंख्या भए ९ वडा कायम गरिन्छ। ९,००० जनसंख्या पछि अरू बढी १५,००० सम्म जनसंख्या भए हरेक २,५०० जनसंख्याको एक वडा थप हुँदै जान्छ। र त्यसमा पनि अरू थप २४,००० जनसंख्या भएमा त्यस्तो थप हरेक चार हजार जनसंख्यामा एक-एक वडा थपिदै जान्छ। त्यस पछि पनि बढी जनसंख्यामा ४०,००० सम्म जनसंख्या भए हरेक थप आठ हजार जनसंख्याको एक-एक वडा थप्ने काम हुन्छ र त्यसपछि पनि बढी जनसंख्या भएमा हरेक थप १६,००० जनसंख्यामा एक-एक वडा थप हुन्छ। जे सुकै भए तापनि, एक नगर पञ्चायत क्षेत्रमा बढीमा कुल ३३ वडासम्म मात्र हुन्छ। यसप्रकार एक नगर पञ्चायत क्षेत्रमा ९ देखि ३३ वडासम्म हुन्छ। एक वडाबाट पाँच पाँच जनाका हिसाबले नगर सभाको लागि चारवर्षको निमित्त सदस्य निर्वाचित हुन्छन्। एक वडाको नगर सभाको लागि चुनिएका पाँच जनाको सदस्य समूहलाई वडा समिति भनिन्छ। हरेक वडा सदस्यसमूहबाट एक-एक सदस्य चुनिएर नगर पञ्चायतमा जान्छन्। नगर पञ्चायतको सदस्य चुन्ने काममा नगर सभाका सबै सदस्यहरूले भाग लिन्छन्। नगर पञ्चायत क्षेत्रका विभिन्न वडाहरूबाट हरेक वडासदस्य-समूहबाट एक जनाको दरले सदस्य चुनिएर नगर पञ्चायतमा आएपछि गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले वडा संख्या हेरी दुइदेखि छ जनासम्म सदस्य र महिला चुनिएर आएको नभए कम्तिमा पनि एक जना महिला मनोनीत गर्दछ। साथै नगर पञ्चायतका कुल निर्वाचित सदस्य संख्याको बढीमा सयकडा २५ सदस्य श्री ५ को सरकारले मनोनीत गरेर पठाउँदछ। तब नगर पञ्चायतका सदस्यहरूले आफूमध्येबाट प्रधानपञ्च र उप-प्रधानपञ्च निर्वाचित गर्दछन्। नगर पञ्चायतका प्रधानपञ्च, उप-प्रधानपञ्च र सदस्यको पदावधि चार वर्ष हुन्छ

नगर पञ्चायतको सदस्यमा निर्वाचित वा मनोनीत हुन २१ वर्ष उमेर पुगेको, लेखपढ गर्न जानेको, नगर पञ्चायत क्षेत्रमा स्थायी बसोबास

भएको, नगर पञ्चायतलाई बुझाउनु पर्ने सबै नगदी वा जिन्सी बुझाई सकेको नेपाली नागरिक हुनु पर्दछ। साथै मगज नबिग्रेको, कुनै कानूनले अयोग्य नभएको, नगर पञ्चायत ठेक्का पट्टामा कुनै स्वार्थ वा सम्बन्ध नभएको हुनु पर्दछ।

नगर पञ्चायतको प्रधानपञ्चले ऐन नियममा निर्धारित आफ्ना काम कर्तव्य गर्दछन्। मुख्यतः नगर पञ्चायतको बैठकको निर्णय कार्यान्वित गर्नु उनको काम हुन्छ। प्रधानपञ्चको अनुपस्थितिमा उप प्रधानपञ्चले बैठकको सञ्चालन र अरू काम गर्दछन्।

शहरको उन्नति, प्रगति, निर्माण, सरसफाइ र सुव्यवस्थाको अभिभारा नगर पञ्चायतमा रहन्छ। यसैले नगर पञ्चायतले आफ्नो साधन, सम्पदा र स्रोतले भ्याएसम्म नगरको विकास गर्नु पर्दछ। मुख्यतः नगरपञ्चायतले सडक, पुल, शौचालय, ढल, धर्मशाला आदिको निर्माण र मर्मत, सडक र गल्लीमा बिजुलीको प्रवन्ध, पुस्तकालय, व्यायामशाला, अस्पताल र डिस्पेन्सरीको व्यवस्था आदि कार्य गर्दछ। साथै जन्म-मरण, घरजग्गाको लगत राख्ने, नगरनिवासीको पिरवाधा हटाउने, सरूवा रोगबाट जोगाउने र स्वास्थ्यमा हानी गर्ने सडेका वस्तु बेच्न नदिने, वाहन राख्ने, लुगाधुने र सिनु फ्याक्ने ठाउँ निर्धारण गर्ने, बौलाहा कुकुर र छाडा जन्तु हटाउने, भत्कन लागेका घर, रूख, खाडल नराख्ने आदि काम पनि गर्दछ।

शहरवासीको जीवन सुखमय पार्न नगर पञ्चायतले धेरै रचनात्मक कामहरू गर्नु पर्ने हुँदा त्यसका लागि साधन र स्रोत जुटाउन नगर पञ्चायत कोषको व्यवस्था छ। नगर पञ्चायतले ऐन नियम अनुसार उठाएका वा पाएका कर, दस्तूर, महसूल, शुल्क, दण्ड-जरिवाना, चन्दा, आर्थिक सहायता चन्दा आदि रकम सो नगर पञ्चायत कोषमा जम्मा गरिन्छ। पुराना सामानको लिलामबाट आउने पैसा, नगर पञ्चायत क्षेत्र भित्र नगर पञ्चायतको अधिकारको ठेक्का पट्टाबाट उठ्ने पैसा, सवारी साधनको दर्ता र नवीकरणबाट आउने दस्तूर, शहरको पुनर्निर्माणको लागि प्राप्त विकास अनुदान आदि पनि सो नगर पञ्चायत कोषमा जम्मा हुन्छ। यस प्रकार विभिन्न स्रोतबाट जम्मा भएको रकमबाट नगर पञ्चायतले आफ्नो वार्षिक खर्च चलाउँदछ। शहरी क्षेत्रको विकासार्थ योगदान दिन्छ।

नगर पञ्चायत एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित एवं संगठित संस्था हो। यसले व्यक्ति सरह नै चल अचल सम्पत्तिको प्राप्ति, उपभोग तथा बिक्री गर्दछ।



8985

# जिल्ला पञ्चायत

गाउँ र नगरबाट उठ्दै आएर पञ्चायतको तह जिल्ला पञ्चायतमा पुग्दछ। जिल्ला पञ्चायत निर्दलीय व्यवस्थाको दोस्रो तह हो। जिल्ला पञ्चायतको कार्यक्षेत्र जिल्लाव्यापी हुन्छ। यसैले यसले जिल्लास्तरीय विकासकार्यहरूको सञ्चालनमा जन-सहभागिता उपलब्ध गराउने दायित्व लिन्छ। जिल्ला पञ्चायतका निर्णय, निष्कर्ष र निधोले जिल्ला भरमा मात्र होइन केन्द्रीय प्रशासनमा समेत प्रभाव पार्दछ। जिल्लाको उन्नति र प्रगतिमा जिल्ला पञ्चायतको ठूलो भूमिका रहन्छ। राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट "विकासको लागि राजनीति" हुनु पर्ने कुरा औंल्याइबक्सेको यस घडीमा जिल्लाका तमाम पञ्च कार्यकर्ताहरूमा विकास अभियानमा योजनाबद्ध ढङ्गमा जन–सहभागिता प्रेरित र परिचालन गर्ने गहन अभिभारा परेको छ। जिल्लाव्यापी आवश्यकता, खाँचो र समस्या निकै ठूला परिमाणका हुने हुँदा तिनको पूर्ति र समाधान गर्ने जिल्ला पञ्चायतका सदस्यहरूमा बढी दूरदर्शिता, सक्रियता र क्षमता निर्दलीय पञ्चायत व्यवस्थाले माग गर्दै आएको छ।

गाउँ पञ्चायतको माथिल्लो दोस्रो तहमा जिल्ला पञ्चायत आउँछ। नेपालका ७५ जिल्लाहरूका जिल्ला पञ्चायत क्षेत्र हरेकमा एक-एक जिल्ला सभा गठन गरिन्छ। जिल्ला सभामा जिल्लाका सबै गाउँ र नगर पञ्चायतहरूका प्रधानपञ्च र उप-प्रधानपञ्च तथा सदस्यहरूमध्येबाट पञ्चायतको कुल वडा संख्याको एक तिहाई संख्यामा निर्वाचित सदस्यहरू र जिल्ला पञ्चायतका सबै सदस्य पदेन रहन्छन्। जिल्ला-पञ्चायतलाई बुझाउनु पर्ने नगदी जिन्सी सबै बुझाई सकेका जिल्ला पञ्चायतका ठेक्का पट्टा वा अचल सम्पत्तिसंग कुनै कारोवार वा सम्बन्ध नभएको र कुनै कानूनले अयोग्य नभएको नेपाली नागरिक जिल्ला सभासद हुन्छन्।

पहिले हरेक जिल्ला पञ्चायत क्षेत्रलाई नौ इलाकामा बाढ्ने काम हुन्छ। हरेक इलाकाबाट जिल्ला सभासदमध्ये निर्वाचित भै जिल्ला पञ्चायतमा एक-एक सदस्य जान्छन्। यसरी एक जिल्लाको नौ इलाकाबाट जिल्ला पञ्चायतमा कुल नौ जना सदस्य निर्वाचित हुन्छन्। गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले जिल्ला पञ्चायतमा चार जना सदस्यहरू मनोनीत गर्दछ। यसरी एक जिल्ला पञ्चायतमा १३ सदस्यहरू हुन्छन्।

जिल्लाको उत्तरोत्तर उन्नति गर्नु र जिल्लाबासीलाई हरसम्भव सहूलियत, सुविधा र सहायता प्रदान गर्नु जिल्ला पञ्चायतको कर्तव्य हो। जिल्लास्तरका विकास आयोजना कार्यान्वित गर्नु, जिल्ला भित्र कृषि, घरेलु उद्योग, पशुपालनको विकास गर्नु, स्वास्थ्य, शिक्षा र सफाइको प्रबन्ध गर्नु, जिल्लामा श्री ५ को सरकारद्वारा कार्यान्वित हुने विकासको आयोजनामा सहयोग प्रदान गर्नु, गाउँ पञ्चायतहरूलाई प्राविधिज्ञको सेवा, औजार प्रदान गर्नु, सडक, पुल, ढल, नहर, पैनी आदि बनाउनु र मर्मत गर्नु आदि जिल्ला पञ्चायतको काम हो। साथै जिल्ला पञ्चायतले गाउँ पञ्चायतहरू बीच समन्वय ल्याउने, उनिहरूको विकास आयोजनाको प्रगति अध्ययन गरी सल्लाह दिने कार्य पनि गर्दछ। जिल्लाव्यापी कैयौं विकास र निर्माणकार्यहरूमा यसरी संलग्न रहनु पर्ने पञ्चायतको निमित्त आमदानीका स्रोतका रूपमा जिल्लास्तरका विकासकार्यका लागि प्राप्त सरकारी रकम र अनुदान, ऐन नियम बमोजिम उठाइने कर, शुल्क, दस्तूर आदि, ठेक्कापट्टा लिलामबाट पाइने रकम, चन्दा, ऋण र सहायता छन्।

हरेक जिल्ला पञ्चायतका निर्णयहरू कार्यान्वित गर्न गराउन त्यहाँ सभापति र उप-सभापतिको पनि निर्वाचन हुन्छ। जिल्ला पञ्चायतका जम्मा सदस्य संख्याको तीन खण्डको दुइ खण्ड बहुमतबाट जिल्ला पञ्चायत सदस्यमध्येबाट सभापति र उपसभापतिको चुनाउ हुन्छ। चाहिंदो बहुमत पाउन नसकी सभापति र उप-सभापति नचुनिएमा गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले नै जिल्ला पञ्चायत सदस्यमध्ये कुनैलाई सभापति र कुनैलाई उप-सभापति मनोनीत गर्दछ।

हरेक जिल्ला पञ्चायतको सचिवको रूपमा काम गर्न जिल्ला विकास अधिकारी हुने कुरा जिल्ला प्रशासन योजना २०३१ मा उल्लेख गरिएको छ।

जिल्ला पञ्चायत सभापति, उप-सभापति र अरू सदस्यहरूको पदको अवधि चार वर्षको हुन्छ।

जिल्ला पञ्चायत एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित एवं संगठित संस्था हो। यसले व्यक्ति सरह चल–अचल सम्पत्तिको प्राप्ति, उपभोग र बिक्री गर्दछ।

एक अञ्चलको सबै जिल्ला पञ्चायतका सदस्यहरूको समूह नै "अञ्चल सभा" हो। राष्ट्रिय पञ्चायतको सदस्यताको लागि हुने चुनाउमा सम्वन्धित अञ्चल सभासदहरू र जिल्ला सभासदहरू मतदाता हुन्छन्। राष्ट्रिय पञ्चायत सदस्यहरूलाई प्रत्याव्हान गर्ने सम्वन्धित अञ्चल सभासद र जिल्ला सभासदहरूको संयुक्त बैठकमा प्रस्तुत गरिन्छ। सो प्रस्ताव ती सभासदस्यहरूको तीन खण्डको दुइ खण्ड बहुमतद्वारा पारित हुन्छ। यस्ता कतिपय महत्वपूर्ण राजनैतिक निर्णयहरू दिने अञ्चल सभा जस्तो निकायमा जिल्ला पञ्चयतका सदस्यहरूको राजनैतिक दायित्व सहजै बुझ्न सकिन्छ।

पञ्चायती व्यवस्थाले प्रशासनिक विकेन्द्रीकरणमा ठूलो जोड दिंदै आएको छ। जिल्ला प्रशासन योजना २०३१ ले जिल्ला पञ्चायतमा प्रशस्त अभिभारा थपेको छ। जिल्ला पञ्चायत मुलुकको सर्वोच्च व्यवस्थापिका तर्फ उक्लने सिंढी पनि भएकोले यसको राजनैतिक महत्व उत्तिकै छ।

# राष्ट्रिय पंचायत

निर्दलीय प्रजातान्त्रिक पञ्चायत पद्धतिको सबभन्दा माथिको तहको रूपमा राष्ट्रिय पञ्चायत छ। मुलुकले अपनाएको राजनीतिक व्यवस्थाको यो नै सर्वोच्च एक सदनीय व्यवस्थापिका हो। देशका १४ अञ्चल र ७५ जिल्लाको प्रतिनिधित्व यसमा हुन्छ। यसमा १४ अञ्चलबाट ११२ जना सदस्यहरू निर्वाचित भएर आउँछन्। त्यसको सयकडा २० सदस्यहरू श्री ५ महाराजाधिराज सरकारबाट मनोनयन गरिबक्सन्छ। राष्ट्रिय पञ्चायतमा नारायणी, गण्डकी, र जनकपुर अञ्चलहरूबाट १०।१० सदस्य निर्वाचित हुन्छन्। सेती, भेरी र मेची अञ्चलहरूबाट छ छ सदस्य चुनिइन्छन्। सगरमाथा र कोशी अञ्चलहरूबाट नौ नौ सदस्य निर्वाचित गरिन्छन्। धवलागिरि, महाकाली र कर्णाली अञ्चलबाट पाँच पाँच सदस्य आउँछन्। रापती, लुम्बिनी र बागमती अञ्चलहरूबाट क्रमश: ७, ११ र १३ सदस्यहरू चुनिन्छ। राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचनमा सम्वन्धित जिल्ला पञ्चायतका सभापति, उप-सभापति र सदस्यहरू उम्मेदवार हुन सक्छन्। र सम्वन्धित अञ्चल सभासद र जिल्ला सभासदहरू चाहिं मतदाता हुन्छन्।

राष्ट्रिय पञ्चायतको अध्यक्ष र उपाध्यक्ष पदहरूमा नाम सिफारिश गर्न राष्ट्रिय पञ्चायत भित्र चुनाउ हुन्छ। त्यस चुनाउमा सम्पूर्ण राष्ट्रिय पञ्चायत सदस्यहरू मतदानमा भाग लिन्छन्। सो चुनाउमा दुइ तिहाईको बहुमत प्राप्त गर्ने सदस्यहरूको मात्र राष्ट्रिय पञ्चायतको अध्यक्ष र उपाध्यक्ष पदहरूमा नियुक्ति गरिबक्सन श्री ५ महाराजाधिराज सरकारका हजुरमा सिफारिश चढाइन्छ। त्यसपछि मौसूफबाट राष्ट्रिय पञ्चायतका अध्यक्ष र उपाध्यक्ष नियुक्ति गरिबक्सन्छ। राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरूको पदको अवधि चार वर्ष हुन्छ।

राष्ट्रिय पञ्चायतका अध्यक्षलाई राष्ट्रिय पञ्चायतको कार्य व्यवस्था बारे सल्लाह दिन राष्ट्रिय पञ्चायतमा निर्देशक समिति हुन्छ। निर्देशक समितिमा १४ जना सदस्यहरू राष्ट्रिय पञ्चायत सदस्यहरूद्वारा निर्वाचित हुन्छन्। सो बाहेक समितिमा प्रधानमन्त्री, अर्थ मन्त्री, गृह पञ्चायत मन्त्री र कानून तथा न्याय मन्त्री पदेन सदस्यको रूपमा रहनु हुन्छ। निर्देशक समतिको अध्यक्ष र उपाध्यक्ष भने राष्ट्रिय पञ्चायत अध्यक्ष र उपाध्यक्ष नै हुनुहुन्छ। राष्ट्रिय पञ्चायत र त्यसका अरू समितिमा प्रस्तुत हुने कुराको कार्यक्रम मिलाउने कुरामा निर्देशक समितिले राष्ट्रिय पञ्चायत अध्यक्षलाई सल्लाह दिन्छ।

राष्ट्रिय पञ्चायतमा अरू समितिहरूको पनि गठन हुन्छ। गृह पञ्चायत, प्रशासन व्यवस्था, न्याय कानून र रक्षा विषयक विधेयकहरू सर्वप्रथम पञ्चायत समितिमा पेश गरिन्छ। शिक्षा, स्वास्थ्य, परराष्ट्र र सञ्चार विषयक विधेयक सामाजिक समितिमा पहिले पेश गरिन्छ। अर्थ, लेखा र अनुमान सम्बन्धी विधेयकहरू आर्थिक समितिमा प्रस्तुत गरिन्छ। योजना, उद्योग, वाणिज्य, निर्माण र यातायात विषयक विधेयक भने विकास समितिमा सर्वप्रथम प्रस्तुत हुन्छ। एउटा अर्को समिति पनि छ, जुनको नाम हो– जलश्रोत समिति। जलश्रोत समितिमा सिचाइ, जल विद्युत, खाद्य, कृषि, भूमिसुधार बारेका विधेयकहरू पेश गरिन्छ। निर्देशक समिति बाहेकका यी नै पाँच समितिहरूमा सर्वप्रथम विधेयक प्रस्तुत गरिन्छ। यसरी हरेक विधेयकको अध्ययन, चिन्तन र छलफल व्यापक रूपमा समितिमा हुन्छ। यसरी विस्तृत अध्ययन, विचार विमर्श र छलफल पछि समितिबाट विधेयक राष्ट्रिय पञ्चायतको पूर्ण सदनमा अन्तिम विचारार्थ प्रस्तुत हुन्छ। व्यवस्थाको सबैभन्दा महत्वपूर्ण तह राष्ट्रिय पञ्चायत हो र यसैबाट सबै विधेयकहरू पारित हुन्छन्।

संविधान बमोजिम श्री ५ बाट राष्ट्रिय पञ्चायतको अधिवेशन बोलाइबक्सन्छ। एक अधिवेशन सकिए पछि एक वर्षको समय भित्रै यस्तो अधिवेशन फेरि बस्दछ। संविधानको दोस्रो संशोधन पछि राष्ट्रिय पञ्चायत नियमावली अन्तर्गत रही राष्ट्रिय पञ्चायतको बैठक नेपाली नागरिकहरूको लागि साधारणतया खुला रहने व्यवस्था भएकोछ।

# गाउँफर्क राष्ट्रिय अभियान

स्वर्गीय श्री ५ महेन्द्रबाट २०२४ साल पुस १ गते मुलुकलाई "गाउँफर्क राष्ट्रिय अभियान" बक्सेको हो । निर्दलीय व्यवस्था अनुरूप समाज तुल्याउन र राष्ट्रवासीलाई मन वचन कर्मले नेपालका असंख्य अविकसित गाउँहरूको विकासार्थं जुट्ने प्रेरणा दिन सो "गाउँफर्क" को कार्यक्रम प्रस्तुत भएको थियो । गाउँको उन्नति नभै राष्ट्रोन्नति सम्भव छैन भन्ने विचारबाट सम्पूर्ण देशवासीको ध्यान ग्रामीण जनताको भौतिक र आध्यामिक अभ्युदयका निमित्त केन्द्रित गराउन सो अभियान आएको हो । गाउँफर्क राष्ट्रिय अभियानका साविक दश सूत्रीय कार्यक्रम अन्तर्गत मुलुकका अनेकौं भागमा कैयौं रचनात्मक कार्यहरू सम्पन्न हुँदै आएको हो ।

राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट नेपालको संविधानमा दोस्रो संशोधन २०३२ सालमा गरिबक्स्यो । सो दोस्रो संशोधनले गाउँफर्क राष्ट्रिय अभियानलाई संवैधानिक स्थान दियो । फलस्वरूप यस अभियानका केही नयाँ कार्यक्षेत्र समेत तोकिए । नेपालको संविधान र श्री ५ बाट बक्सेको मार्ग प्रदर्शनको अधीनमा रही गाउँफर्क राष्ट्रिय अभियान निम्न बमोजिमको काम गर्न सञ्चालित हुन्छः–

(क) दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको राजनीतिक सिद्धान्तको प्रतिपादन, व्याख्या र प्रचार

(ख) पञ्च कार्यकर्ताहरूको प्रशिक्षण, सुसंगठन, योग्यता निर्धारण र मूल्याङ्कन

(ग) राजनीतिक कार्यक्रमको तर्जुमा, राजनीतिक सञ्चालन, पञ्च भेलाको आयोजना र पञ्चायतका विभिन्न निकायहरूका बीच राजनीतिक सञ्चार

(घ) कानूनमा व्यवस्था गरिए अनुसार अरू कार्यहरू

नेपालको संविधान बमोजिम गाउँफर्क राष्ट्रिय अभियानको एक केन्द्रीय समिति रहन्छ। सो केन्द्रीय समितिको गठन, कर्तव्य, अधिकार र कार्यविधि श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुन्छ। साथै श्री ५ बाट समय समयमा सो केन्द्रीय समितिलाई निर्देशन पनि बक्सन्छ। सो समितिमा श्री ५ बाट आवश्यकतानुसार सदस्यहरू मनोनयन गरिबक्सन्छ। मौसूफबाट सो समितिमा अध्यक्ष तथा सदस्य सचिव पनि तोकिबक्सन्छ। सो समितिका सदस्यहरू साधारणतया चार वर्षको अवधिसम्म बहाल रहन्छन्। सो समितिले विशेषत: पञ्चायत व्यवस्थाको राजनीतिक प्रचार, गाउँफर्क राष्ट्रिय अभियानका सबै तहका समितिको अधिवेशन बोलाउने,केन्द्रीय तहमा पञ्चभेलाको आयोजना र सञ्चालन,राजनीतिक कार्यक्रमको तर्जुमा, पञ्च कार्यकर्ताको प्रशिक्षणको योजना तर्जुमा, निर्दलीय व्यवस्थाको राजनीतिक सिद्धान्तको प्रतिपादन र आधिकारिक व्याख्या, राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत, अञ्चल एवं जिल्ला अभियान समितिका सदस्यहरूको मूल्याङ्कन र आचार संहिताको उल्लंघन विषयमा कार्यवाही र पञ्चायतका विभिन्न तहमा उम्मेदवार हुन चाहिने योग्यता निर्धारण गर्दछ। सो केन्द्रीय समितिले वर्षमा आफ्नो कामको विवरण श्री ५ महाराजाधिराज सरकारका हजुरमा चढाउँदछ। राष्ट्रिय स्वतन्त्रता, एकता, सार्वभौमसत्ता, अखण्डताप्रति आँच आउने, राजसंस्था प्रति अनास्था पैदा हुने,पञ्चायती व्यवस्थाको सिद्धान्त विपरीत हुने आदि कुनै काम गर्न नहुने आचार-संहिता गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिका सदस्यहरू (अध्यक्ष समेत) ले पालन गर्नुपर्दछ।

गाउँफर्क राष्ट्रिय अभियानको देशका १४ अञ्चलहरूमा अञ्चल समिति र ७५ जिल्लाहरूमा जिल्ला समिति गठन हुने व्यवस्था छ। अञ्चल समितिले केन्द्रीय समितिकै रेखदेख, नियन्त्रण र निर्देशनमा रही कार्य गर्दछ। अञ्चलको निमित्त निर्धारित राजनीतिक कार्यक्रमको सञ्चालन एवं कार्यान्वयन अञ्चल समितिले गर्दछ। अञ्चल समितिको अर्को काम हो जिल्ला पञ्चायतहरूमा हरेकमा चार चार जना सदस्यहरू मनोनयन गर्नु। चाहिंदो वहुमतको अभावमा कुनै जिल्ला पञ्चायतमा सभापति वा उपसभापति चुनिन नसकेमा गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिबाट नै जिल्ला सभापति वा उपसभापतिको मनोनयन पनि हुन्छ। जिल्ला पञ्चायत वा जिल्ला सभाको सदस्यलाई प्रत्याह्वान गर्ने प्रस्ताव पेश गर्नु अघि स्वीकृतिको निमित्त अञ्चल समितिमा नै आउँछ।

जिल्ला पञ्चायत वा जिल्ला सभाको कुनै सदस्यको पद समय नपुग्दै खालि भएमा सो पद पूर्ति गर्ने क्रममा जिल्ला पञ्चायत वा जिल्लासभा मा सहवरण बारे सर्वसम्मति नभएमा अञ्चल समितिद्वारा तोकिएको व्यक्ति नै सहवरण हुन्छ। अञ्चल समितिका सदस्यहरूले पालन गर्नुपर्ने आचार संहिता गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले बनाउँदछ र त्यसको पालन नभएमा कार्यवाही गर्दछ।

गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति हरेक जिल्लामा गठन हुन्छ। जिल्ला समितिको गठन, कर्तव्य, अधिकार र कार्यविधि केन्द्रीय समितिद्वारा बनाई श्री ५ बाट स्वीकृति गरिबक्सेको नियम बमोजिम हुन्छ। गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको निर्देशनमा रही तोकिएको राजनीतिक कार्यक्रमको सञ्चालन र कार्यान्वयन जिल्ला समितिले गर्दछ। जिल्ला समितिको अर्को काम छ— नगर पञ्चायतमा नियमानुसार केही सदस्यको मनोनयन गर्नु। आवश्यक बहुमतको अभाव-मा कुनै नगर पञ्चायतको प्रधानपञ्च वा उप-प्रधानपञ्च निर्वाचित हुन नसके जिल्ला समितिले नै प्रधानपञ्च वा उप-प्रधानपञ्चको मनोनयन गर्छ। गाउँ पञ्चायत, नगर पञ्चायत, गाउँ सभा,नगर सभाका सदस्यलाई प्रत्याह्वान गर्ने प्रस्ताव पेश गर्नु अघि गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिको स्वीकृति चाहिन्छ। त्यस्तै गाउँ पञ्चायत, नगर पञ्चायतका सदस्यको पद समय नपुग्दै खालि भई सहवरण गर्ने कुरा-मा सम्बन्धित पञ्चायतमा सर्वसम्मति नभएमा पनि जिल्ला समितिद्वारा तोकिएको व्यक्ति सहवरण हुन्छ। यस प्रकार आज संविधानको दोस्रो संशोधनले गाउँफर्क राष्ट्रिय अभियानलाई अनेकौं महत्वपूर्ण राजनीतिक दायित्वहरू सुम्पेको छ।

# वर्गीय संगठन

एक प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना गरी जनकल्याणको अभिवृद्धि गर्नु नै पञ्चायत व्यवस्थाको उद्देश्य हो। त्यसका लागि व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न हितमा सामन्जस्य र समन्वय ल्याउनु छ। निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको उद्देश्य मुलुकका विभिन्न वर्गको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्रोन्नतिको कार्यमा लगाउनु छ। साथै स्थानीय पञ्चायतहरूलाई जनपरिचालनमा सघाउ पुऱ्याउनु छ। यसका लागि विभिन्न छ वटा वर्गीय संगठनहरूको स्थापना र सञ्चालनको व्यवस्था नेपालको संविधानद्वारा गरिएको छ। ती छ वटा वर्गीय संगठनहरू यी हुन्:– (१) नेपाल किसान संगठन, (२) नेपाल युवक संगठन (३) नेपाल महिला संगठन, (४) नेपाल प्रौढ संगठन, (५) नेपाल मजदूर संगठन, (६) नेपाल भूतपूर्व सैनिक संगठन। पञ्चायतको कुनै पनि तहको निकायमा सदस्य पदमा चुनिन र कायम रहन ती छ संगठनमध्ये कुनै एकको सक्रिय सदस्यता लिनु अनिवार्य छ।

उमेरको हिसाबले युवक र प्रौढको परिभाषा खुल्छ भने महिलाको व्याख्या गरिरहन परोइन। कुनै श्रमप्रधान कारखाना, व्यवसाय वा कार्य आदिमा शारीरिक श्रम लगाउने व्यक्ति मजदूरमा गनिन्छ। मुलुकको सैनिक सेनामा एक वर्षसम्म कार्य गरी नोकरी छाडेका व्यक्ति भूतपूर्व सैनिकको परिभाषामा पर्दछन्। १८ वर्ष उमेर पुगेका मजदूर, किसान, युवक र महिला सम्बन्धित वर्गीय संगठनको सदस्य हुन्छन्। ४० वर्ष उमेर नाघेको व्यक्ति चाहिं प्रौढ संगठनमा सम्मिलित हुन्छन्। गैर नेपाली, मगज बिग्रेका, निर्वाचन विषयक अपराधमा एक महीना कैदको सजाय भोगेदेखि एक वर्ष अवधि नाघी नसकेको, नैतिक पतन बारे छ महीना कैद भोगेदेखि पाँच वर्ष अवधि ननाघेको व्यक्ति भने कुनै पनि वर्गीय संगठनको

सदस्य हुँदैन ।

हरेक वर्गीय संगठन आफ्नो वर्गको सर्वतोमुखी विकास र हितका निमित्त कार्य गर्दछन् । पञ्चायती पद्धतिको निर्दलीयता, वर्ग सामन्जस्य तथा सहयोगको आदर्शमा बल पुऱ्याउनु पनि वर्गीय संगठनको उद्देश्य हो । साथै स्थानीय पञ्चायतद्वारा तोकिएका कार्यक्रमहरू पूरा गर्न जनपरिचालन गर्नु र आ-आफ्ना वर्गको तमाम शक्तिलाई मुलुकको विकासमा संगठित रूपमा लगाउनु हरेक वर्गीय संगठनको उद्देश्य छ ।

प्रत्येक वर्गीय संगठनमा (१) सक्रिय सदस्यता र (२) साधारण सदस्यताको व्यवस्था छ । व्यवस्था प्रति आस्था राखी आफ्नो वर्गीय संगठनको उद्देश्य पूरा गर्न तत्पर र स्थानीय पञ्चायतको कार्यक्रममा सहयोगी सदस्यलाई साधारण सदस्य भनिन्छ । वर्गीय संगठनको लक्ष्य पूरा गर्ने दिशामा सदा संलग्न र व्यवस्थालाई मजबूत पार्न दृढतापूर्वक अग्रसर सदस्य भने सक्रिय सदस्यमा गनिइन्छ । हरेक वर्गीय संगठनमा सदस्यहरूको काम कार्यवाही र अभिव्यक्तिको मूल्याङ्कन बमोजिम साधारणलाई सक्रिय र सक्रियलाई साधारण सदस्य बनाउने प्रक्रिया चलि नै रहन्छ ।

हरेक वर्गीय संगठनको गठन विधि यसप्रकार छ । सबभन्दा पहिले गाउँ पञ्चायत क्षेत्रलाई एक क्षेत्रको रूपमा र नगर पञ्चायत क्षेत्रको नौ वडालाई एक क्षेत्रको हिसाबले क्षेत्रहरू वर्गीय संगठनहरूको गठनको लागि निर्धारित गरिन्छन् । त्यस्ता प्रत्येक क्षेत्रमा चाहिंदो संख्यामा सदस्य पुगे पछि वर्गीय संगठनको प्रारम्भिक परिषद् गठन गरिन्छ । प्रारम्भिक परिषद् बने पछि प्रारम्भिक कार्य समिति गठन गरिन्छ । जसमा प्रारम्भिक परिषद्का सक्रिय सदस्यद्वारा चुनिएका चार सदस्य रहन्छन् । गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले स्थानीय एक पञ्चलाई वर्गीय संगठनको त्यस्तो प्रारम्भिक कार्य समितिको निमित्त सभापति तोक्दछ । वर्गीय संगठनको प्रारम्भिक कार्य समितिले स्थानीय पञ्चायतलाई वार्षिक कार्यक्रम बनाउन सघाउने, आफ्नो वार्षिक प्रगति विवरण स्थानीय पञ्चायतमा पेश गर्ने, आदि कार्य गर्दछ ।

जिल्ला तहमा वर्गीय संगठनको जिल्ला कार्य समिति रहन्छ । वर्गीय संगठनका प्रारम्भिक कार्य समितिले जिल्लाका नौ वडाबाट चुनेर पठाएका नौ सदस्यहरू जिल्ला कार्य समितिमा रहन्छन् । सो बाहेक जिल्ला कार्यसमितिको सभापतिमा

भने गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले तोकेको जिल्ला पञ्चायत सदस्य रहन्छ । वर्गीय संगठनका प्रारम्भिक कार्य समितिहरूमा समन्वय ल्याउने र ती कार्य समितिद्वारा प्रस्तुत कार्यक्रम र प्रगति विवरणमा राय अभिव्यक्त गर्ने काम जिल्ला कार्य समितिले गर्दछ ।

हरेक वर्गीय संगठनमा सदस्यहरू प्रवेश गराउन स्थानीय पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च र गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति-द्वारा मनोनीत पञ्चमध्ये तोकिएको एक व्यक्ति समेत तीन जनाको सदस्यता अभियान समिति बन्दछ । त्यस्तो सदस्यता अभियान समितिको काम विभिन्न वर्गीय संगठनको साधारण र सक्रिय सदस्यता प्रदान गर्नु हो ।

वर्गीय संगठनहरूका सम्बन्धमा सल्लाह र सुझाव गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिमा प्रस्तुत गर्ने वर्गीय संगठनको केन्द्रीय सल्लाहकार समिति पनि रहने व्यवस्था छ । छ वटा वर्गीय संगठनहरूबाट चार-चार जनाको दरले गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिद्वारा सो केन्द्रीय सल्लाहकार समितिमा सदस्यहरू मनोनीत हुन्छन् । यसैले सो केन्द्रीय सल्लाहकार समितिमा २४ सदस्य हुन्छन् । त्यस्तो केन्द्रीय सल्लाहकार समितिको अध्यक्षता पनि गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले आफूमध्येबाट तोकेको व्यक्तिले गर्दछ ।

# पंचायत प्रणालीका आधारभूत सिद्धान्तहरू

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको सक्रिय नेतृत्वमा सबै नेपालीको अधिकतम हित र कल्याण र एक प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील तथा शोषणविहीन समाजको सिर्जना गर्ने लक्ष्य भएको राजनीतिक दर्शन नै पञ्चायत प्रणाली हो। आफ्नो लक्ष्य प्राप्तिका लागि लोक-सम्मति, राष्ट्रिय प्रतिभा र परम्परा अनुकूल यो राजनीतिक व्यवस्थाले निर्दलीयता, वर्गसमन्वय र विकेन्द्रीकरणको माध्यम अपनाउँद छ ।

(१) राजमुकुटः– नेपाल अधिराज्यको एकीकरण, आधुनिकीकरण र प्रजातन्त्रीकरण राजमुकुटकै नेतृत्वमा भएको छ । राजमुकुट नै नेपालमा अविभाज्य राष्ट्रिय एकताको प्रतीक हो । विभिन्न जाती र समुदायका बीच अटूट एकता र सहिष्णुता राजमुकुटबाटै कायम भएको छ। तमाम नेपाली जनताको सामूहिक अभिव्यक्तिलाई राजमुकुटबाट प्रतिनिधित्व भएको छ। मुलुकको क्षेत्रीय अखण्डता, राष्ट्रिय सार्वभौमसत्ता र चौतर्फी विकास र पुनर्निर्माणका सम्बन्धमा सदैव राजमुकुटबाट नेपाली जनताको हृदयको पुकार प्रकट भएको छ । युगको आह्वान मुताविक नेपाली समाजलाई राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक प्रत्येक क्षेत्रमा अगाडि बढाउन सक्रिय नेतृत्व र मार्ग दर्शन राजमुकुटबाट प्राप्त छ। नेपाल र नेपालीको सम्मान र आदर विश्वमा बढाउन र राष्ट्रवासीको उत्तरोत्तर उन्नतिको दिशामा समय समयमा युगान्तकारी पाइलाहरू चाल्न श्री ५ महाराजाधिराज सरकारबाट गतिशील, सक्रिय र दूरदर्शी नेतृत्व बक्सेको छ । मौसूफको नेतृत्वमा नै नेपालीको हित, नेपालको रक्षा र निर्दलीय व्यवस्थाको जगेर्ना र विकास देशमा सम्भव छ । नेपाली संस्कृति परम्परा र आदर्शको केन्द्रविन्दू राजसंस्था नै हो।

(२) निर्दलीयता:– शासन र प्रशासनमा विना भेदभाव मुलुकका सम्पूर्ण वासिन्दालाई सम्मिलित र सहभागी वनाउने प्रजातान्त्रिक प्रक्रया निर्दलीयता हो। पञ्चायत व्यवस्था निर्दलीय व्यवस्था हो। पञ्चायत पद्धतिमा राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको सर्वोच्च नेतृत्व वास्तविकता हो। मौसूफको सक्रिय नेतृत्व प्राप्त पञ्चायत व्यवस्था हुनाले नै यसमा निर्दलीय पक्षको जगेर्ना भएको छ।

(३) वर्ग समन्वय:– पञ्चायती व्यवस्था नेपाल र नेपालीको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोक सम्मति अनुकूल शासन व्यवस्था सञ्चालनमा आस्था र विश्वास राख्दछ। नेपाली भन्नाले व्यवस्थाले सम्पूर्ण नेपालीलाई अँगाल्दछ र यस व्यवस्थामा सबै वर्गको हित र कल्याण निहित छ। यो व्यवस्था तमाम जनताको क्रियाशील प्राप्त गर्न खोज्दछ। यसैले आर्थिक क्षेत्रमा कुनै वर्गको शोषण र उत्पीडन यस व्यवस्थालाई सह्य छैन। शोषणविहीन समाजको सिर्जना नै पञ्चायती पद्धतिको मूल जोड छ। नेपालमा लागू गरिएको क्रान्तिकारी भूमिसुधार कार्यक्रमले शताब्दीयौंदेखि दलित, पीडित र शोषित मोही किसानहरू सबैको ठूलो उद्धार गऱ्यो। भूमिमा स्वामित्वको अधिकतम हद तोकेर अर्थात् एक व्यक्तिले २५ विगा मात्र राख्न पाउने प्रबन्ध गरेर एकातिर हदबन्दीभन्दा बढीको जग्गा जग्गाविहीन किसान, मोहीहरूमा वितरण गरियो भने अर्कोतिर हजारौं विगाको स्वामित्व ओगटेर पर्ति जमीन राख्ने सामन्ती प्रवृत्तिको समाप्तिमा भूमिसुधार कार्यक्रमले युगान्तकारी पाइलो चाल्यो। फलस्वरूप मोही किसानको मोहियानी हक संरक्षण, कृषि उत्पादनमा वृद्धि र जग्गा मात्र जोडी ओगट्ने भूमिपतिहरूलाई क्रमश: औद्योगीकरण तर्फ लगानी गर्ने प्रेरणा भयो।

आज राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट पञ्चायती व्यवस्थामा विकासको निमित्त राजनीति हुनु पर्दछ भन्ने कुरा हुकूम भएको छ। यस व्यवस्थामा जनसेवा नै पञ्चहरूको मूल्याङ्कनको आधार भएको छ। राष्ट्रनायक सरकारबाट विकासको लाभ सर्वसाधारणले अधिक रूपमा पाउनु पर्दछ भन्ने कुरा हुकूम भएको छ। विकास कार्यक्रमको मूल्याङ्कन गरिंदा त्यस्ता कार्यबाट जनजीवन सुखमय पार्न के कति मद्दत भयो, त्यसमा मुख्यतया ध्यान दिन थालियो। यसरी निर्दलीय प्रजातान्त्रिक व्यवस्था शोषणविहीन समाजको स्थापनार्थ प्रयत्नशील छ। कुनै वर्गको पनि शोषण हुन नदिने तथा सबै वर्गको उन्नति र उत्थानमा

उत्तिकै जोड दिने व्यवस्थाले निश्चय पनि वर्ग-समन्वयको सिद्धान्त कार्यान्वित क्रमिक रूपमा गरिरहेको छ।

(४) विकेन्द्रीकरणः– नेपालको संविधानको प्रस्तावनामा नै भनिएको छ– विकेन्द्रीकरणको सिद्धान्तलाई अँगाल्ने दलविहीन प्रजातान्त्रिक प्रणालीबाट मात्र नेपाल र नेपालीको सर्वोत्तम हित र समुन्नति सम्भव छ। यो व्यवस्थामा समाजको तल्लो तहदेखि नै जनताको क्रियाशील सहयोग र जनसहभागिता नितान्त जरूरी छ। सर्व साधारण जनतालाई शासन र प्रशासनमा सहभागी तुल्याउन विकेन्द्रीकरणको सिद्धान्त कार्यान्वित गर्नु अनिवार्य छ। यसैले पञ्चायती व्यवस्था देशमा आएदेखि यता प्रशासनिक शक्तिको विकेन्द्रीकरणमा हर्दम कदमहरू उठाइँदै आएको छ। पञ्चायत पद्धतिमा जनताको इच्छा, आकांक्षा र अभिलाषा विकास कार्यक्रम र आयोजनामा प्रतिविम्बित हुन्छ तथा जनताको भावना अनुकूल नै विकास कार्यक्रम सम्पन्न गरिन्छन् र स्थानीय प्रगतिका लागि स्थानीय नेतृत्वमा पूर्ण विश्वास गरिन्छ। स्थानीय प्रशासनिक एवं रचनात्मक कार्यमा बढी अवसर सर्वसाधारणलाई प्रदान गरिने यो व्यवस्था हो। प्रशासनिक शक्तिको क्रमिक विकेन्द्रीकरणका निमित्त सुझाव दिन २०२० साल वैशाख २६ गते एक प्रशासन शक्ति विकेन्द्रीकरण आयोग गठन गरिएको थियो। २१ सदस्य भएको सो आयोगको अध्यक्षता भने राष्ट्रिय पञ्चायतका तत्कालीन अध्यक्ष श्री विश्वबन्धु थापाले गर्नु भएको थियो। २०२२ साल पुस १ गतेदेखि नेपालका २० जिल्लामा प्रशासन शक्ति विकेन्द्रीकरण योजना लागू पनि गरिएको हो। तदनुसार पुराना गडी-गौंडा, गोश्वारा, बडाहाकिम, मेजिष्ट्रेट आदि खारेज भएर प्रत्येक अञ्चलमा अञ्चलाधीश र प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नियुक्ति भयो। केन्द्रीय स्तरमा रहिआएका कैयौं प्रशासनिक एवं विकास सम्बन्धी अधिकारहरू स्थानीय निकायहरूमा प्रत्यायोजित भयो। नेपालको संविधानको २०२३ को पहिलो संशोधन बमोजिम अञ्चलाधीश पदहरू संवैधानिक पद हुनुका साथै प्रशासनिक शक्तिको निकै प्रत्यायोजन भयो। जिल्ला पञ्चायतहरूको अधिकार र कार्यक्षेत्र पनि निकै विस्तृत र व्यापक भए। २०३१ सालमा जिल्ला प्रशासन योजना प्रस्तुत भयो, जसको फलस्वरूप योजनाबद्ध रूपमा स्थानीय प्रशासकहरू, पञ्चायतहरू सबैको कार्यक्षेत्र र समन्वयका आधारहरू स्पष्टतया किटिएको देखिन्छ। यस प्रकार व्यवस्थाले अपनाएको विकेन्द्रीकरणको सिद्धान्त कार्यान्वित गर्न भगिरथ प्रयाश जारी छ।

# साझा अर्थ व्यवस्था

## साझा शुरूमा

नेपालको संविधानको पहिलो संशोधन हुनु अघि पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तमा यो कुरा प्रष्ट उल्लेख भएको थियो– सबै नागरिकलाई आफ्नो व्यक्तित्वको विकास र आर्थिक उन्नति गर्ने समान सुविधा र अवसर प्राप्त होस्, समाजमा भौतिक सम्पत्तिको स्वामित्व र नियन्त्रणको यस्तो व्यवस्था गरियोस् जसबाट सम्पत्तिको न्यायोचित वितरण भई सर्वोत्तम रूपमा सामूहिक हित होस् र साथै उद्योग र व्यापारको निर्धारित क्षेत्रमा निजी उद्यमलाई पनि उचित प्रश्रय र प्रोत्साहन मिलोस्– त्यो वाक्यले पञ्चायती पद्धतिको आर्थिक पक्षलाई औंल्याएको थियो । उद्योग र व्यापारको निर्धारित क्षेत्रमा निजी उद्यमलाई प्रोत्साहन र प्रश्रय दिन अपनाइने नीतिमा जोड दिइएको कुराले पञ्चायती व्यवस्थामा साझाको महत्व निर्विवाद छ । भौतिक सम्पत्तिको स्वामित्वको यस्तो व्यवस्था होस् कि त्यसबाट सम्पत्तिको न्यायोचित वितरण होस् भन्ने कुरा संविधानका समाज नीतिका उद्देश्य र सिद्धान्तमा विशेष रूपले अङ्कित भएकोले साझाका लक्ष्यहरू वर्तमान व्यवस्थाको आर्थिक पक्षसंग कसरी मेल खाँदा रहेछन् भन्ने कुरा छर्लङ्ग छ । साझा उद्देश्य नेपालीहरू सबैको आर्थिक उन्नति संगै होओस् भन्ने भएकोले भौतिक सम्पत्तिको उचित स्वामित्वद्वारा सम्पत्तिको न्यायोचित वितरणमा प्रभावकारी हिस्सा यसले लिन्छ । सामूहिक चन्दा, सरकारी अनुदान, कर्जा तथा आफूले आर्जन गरेको मुनाफाको बचतबाट सञ्चित पूँजीलाई साझाले सहकारिताको आधारमा कतिपय उद्योगधन्धा एवं व्यवसायमा लगाउने हुनाले विभिन्न उद्योग व्यवसाय क्रमशः नेपाली कामदारहरूको हातमा आउने जाने देखिन्छ । यसप्रकार साझाले नेपालको

अर्थव्यवस्थामा एक युगान्तकारी परिवर्तन ल्याउनेछ जसको लागि पञ्चायत पद्धति सदैव प्रयत्नशील रहेको छ ।

जुनसुकै सम्विधानले पनि सम्बन्धित मुलुकको राजनीतिक, सामाजिक एवं आर्थिक विचारधारालाई औंल्याउँदछ । त्यस्तै जुनसुकै व्यवस्थाको पनि सफलता त्यसको आर्थिक पक्षको मजबूतिमा आधारित हुन्छ । इण्डोनेशियायी नियन्त्रित प्रजातान्त्रिक सम्विधानमा उत्पादनका विभिन्न तह तथा भूमि, पानी र प्राकृतिक साधन जन कल्याणको निमित्त राज्यले सञ्चालन गर्ने उल्लेख भएको छ। नर्वे र स्वेडेन सरकारी रेखदेख र सहयोग अन्तर्गत रही सहकारीतामा आधारित अर्थ व्यवस्था अपनाएका छन्। अर्थ व्यवस्थाले सम्बन्धित राष्ट्रको स्थिति र परिस्थिति जनाउँछ। पञ्चायती व्यवस्था लागू भएपछि श्री ५ को सरकार, नेपालले घोषणा गरेका आर्थिक नीतिमा यी कुरा पनि समाविष्ट छन्:– (१) आर्थिक विकासलाई अवरूद्ध गर्ने सामाजिक तथा आर्थिक असमानतालाई क्रमशः कम गर्दै लाने (२) कामहरूको वृद्धि गरी बढी मानिसलाई रोजगार दिने (३) कृषि र उद्योग दुवै क्षेत्रको सन्तुलित विकास गर्ने आदि। सो आर्थिक नीतिमा यो पनि भनिएको छ– "देशमा प्राप्त हुने सबै प्रकारका साधनहरूको सदुपयोग गरी उत्पादनको वृद्धि गराई तिनको न्यायोचित वितरण गराउनु सरकारले आफ्नो प्रमुख कर्तव्य ठानेको छ।" यसप्रकार वर्तमान व्यवस्थाको आर्थिक नीति तथा साझाका उद्देश्य एवं कार्यक्रमहरूको अध्ययनबाट पनि पञ्चायती व्यवस्थामा साझाको महत्व पैल्याउन सक्तछौं।

साझाले सहकारितामा आधारित अर्थ व्यवस्थालाई जनाउँछ । यही आर्थिक पक्ष पञ्चायती पद्धति अँगाल्दछ। अतः यो देखिन्छ कि पञ्चायती व्यवस्थामा साझाको स्थान ज्यादै महत्वपूर्ण छ। वर्तमान व्यवस्था सहकारिताका आधारमा मुलुकको सर्वाङ्गीण विकास गर्न चाहन्छ । सो आर्थिक लक्ष्य प्राप्तिका लागि साझा पनि अगाडि सरेको छ । पञ्चायती पद्धति सर्वसाधारण जनताको सक्रिय सहयोग राष्ट्र निर्माणमा प्राप्त होस् भन्ने चाहन्छ। साझाको माध्यमद्वारा नेपाली जनता मुलुकको उन्नतिमा भाग लिन्छन् । यसकारण यो निर्विवाद सत्य हो कि साझा वर्तमान पञ्चायती प्रणालीको प्रमुख आर्थिक खम्बा हो। साझाले नै आर्थिक क्षेत्रमा वर्तमान व्यवस्थालाई ज्यादै भरपर्दो टेवा दिनेछ।

आज हामीले देखिरहेका छौं– विश्वका प्रमुख दुइ अर्थ व्यवस्था पूँजीवादी र समाजवादीमा पनि परस्पर असल कुराको अनुकरण र अनुसरण हुन थालेको छ अर्थात् पुनर्विचार हुन लागेको देखिएको छ। पूँजीवादी राष्ट्रहरू राष्ट्रियकरणलाई आवश्यकता हेरी महत्व दिन थालेका छन् भने समाजवादी व्यवस्था पनि पूँजीवादी देशहरूका असल अनुभवहरूको अनुकरण गर्न हिच्कचाउन छाडेका छन्। यसप्रकार विश्वमा एकप्रकारको सामन्जस्य र समन्वयको युग आएको बेलामा सहकारितालाई आधार बनाएर अगाडि लम्केको समाजको तर्जुमा युगान्तकारी एवं दूरगामी प्रभावको साबित हुन सक्तछन्। समाजवादमा अपनाइने चरम राष्ट्रियकरण तथा पूँजीवादमा हुने शोषणका दोषहरूलाई निराकरण गरी विकासोन्मुख राष्ट्रहरू आ-आफ्नो स्थितिलाई ध्यानमा राखी मिश्रित आर्थिक प्रणाली अँगालीरहेका देखिन्छन्। हाम्रो नेपालको पञ्चायती व्यवस्थामा पनि विश्वका विभिन्न राजनीतिक दर्शनहरूका विशिष्ठ गुण एवं देनहरूलाई समाविष्ट गरिएको देखिन्छ। यस पञ्चायती व्यवस्थामा योजना बनाउने मन्त्रालय तथा विभिन्न तहका पञ्चायत मार्फत जनताका बीच हुने घनिष्ठ सम्पर्कको कारणबाट आर्थिक कार्यक्रमहरू जनताका इच्छा अनुसार बन्न जाने देखिन्छ। यसबाट सर्वसाधारण जनतामा योजना तथा विकास कार्यक्रमहरूमा सक्रिय भाग लिने प्रवृत्ति बढ्दछ। त्यस्तै साझा सम्पूर्ण देशप्रेमी जनताको सहयोग र सद्भावनामा सञ्चालित हुने हुँदा यसले जनतालाई देशोन्नतिप्रति सजग र सक्रिय गराउँदछ। अर्को कुरा जनतामा सामूहिक किसिमले सहकारिताका आधारमा गरे नहुने कुरो केही रहेनछ भन्ने भावना दृढ हुन जान्छ। त्यस दृष्टिबाट पनि पञ्चायती पद्धतिमा साझा एक आदर्श राष्ट्रिय सहकारी संघको स्थान राख्छ।

साझामा पञ्चायती व्यवस्थाको आर्थिक पक्ष राम्ररी प्रतिबिम्बित एवं प्रतिध्वनित भएको छ। स्वर्गीय श्री ५ महेन्द्र पञ्चायती राजनीति दर्शनका प्रणेता होइबक्सन्छ र मौसूफबाट यो नेपाली आदर्श, संस्कृति र परम्परानुकूल पद्धतिलाई राजनीतिक मान्यता प्रदान गरिबक्सेको हो। मौसूफबाट पञ्चायती व्यवस्था अन्तर्गत हुने सहकारी आन्दोलनलाई सही बाटो देखाउन साझाको स्थापनार्थ प्रेरणा र प्रोत्साहन बक्स्यो।

नेपाल भर्खर मात्र पुरानो सामन्ती अर्थ व्यवस्थालाई परित्याग गरी शोषणरहित समाजको सिर्जना तर्फ बढ्द छ। पञ्चायती व्यवस्था लागू भएपछि

यस्तो शोषणरहित समाजको सृजना तर्फ यो मुलुक सक्रिय भएको छ। वास्तवमा पञ्चायती प्रणालीद्वारा नेपाली जनताले उपलब्ध गर्ने सबभन्दा महत्वपूर्ण उपलब्धि त्यही समाज हो जसमा कुनै किसिमको शोषण हुने छैन। पञ्चायती व्यवस्थाको सो लक्ष्य पूर्तिका लागि साझाको स्थान निसन्देह प्रभावकारी एवं उल्लेखनीय छ। सम्पूर्ण नेपालीलाई सर्वसम्पन्न तुल्याउने चोखो ध्येय राखी साझाको स्थापना भएको छ। यसैले राष्ट्रको आर्थिक विकासमा सर्वसाधारणको सक्रिय सामूहिक सहयोग आज प्राप्त भैरहेको छ। विकासोन्मुख मुलुकको निमित्त यो कम महत्वको कुरो होइन। साझा जुन सहकारी आन्दोलनको अग्रण्य अगुवाको रूपमा देखा परेको छ, यसले विना शोषण नै नेपाली जनतालाई सम्पन्न तुल्याउने कुरो प्रष्ट छ। यसैले पञ्चायती व्यवस्थाको सबभन्दा महत्वपूर्ण आर्थिक पक्षलाई निरन्तर मजबूत र स्वस्थ तुल्याउन साझाको देन चिरस्मरणीय रहने छ।

सामूहिक आर्थिक कल्याणको कुरो नेपाललाई पञ्चायती व्यवस्थाले सिकायो भने यस दिशामा गहकिलो कदम साझाको तर्जुमा नै सावित भएको छ। एक शताब्दी लामो राणाकालीन सामन्ती व्यवस्थाले नेपाली जनजीवनलाई राजनीतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक प्रत्येक दृष्टिबाट कुण्ठित एवं कुँजो तुल्याएको थियो। त्यस राणा शासनको अन्त्य पछि एक दशकको अलमलबाट नेपालीलाई प्रत्येक क्षेत्रमा सक्रिय एवं संगठित रूपमा लम्कन प्रेरणा पञ्चायती पद्धतिले नै दिएको हो। यो त सर्वविदितै कुरो हो कि पञ्चायती व्यवस्थाको महत्वपूर्ण देन हो—दलविहीन, शोषणरहित एवं संघर्षरहित व्यवस्था। यस व्यवस्था-मा दलबन्दी नभएकोले दलहरूद्वारा हुने थिचोमिचो छैन, अनावश्यक वादविवाद छैन, वर्ग वर्गमा संघर्ष छैन, रिस, ईर्वी र द्वेषको वातावरण छैन, दोमन छैन, अलमल छैन। शोषणरहित समाजको सृजना र वर्गसामञ्जस्य तर्फ यस व्यवस्थाले जुन गहकिलो कदम उठाएको छ त्यसमा साझाको स्थापनाको आफ्नै किसिमको स्थान छ। दलबन्दी र झगडाको वातावरणबाट मुक्त भएको पञ्चायती नेपालमा साझाको स्थापनाबाट सम्पूर्ण देशवासीमा एक आदर्श सहकारिताको विचारको विकास भएको छ। पञ्चायत युगौंदेखि सामूहिक सम्वृद्धिका लागि एकमात्र उपयुक्त प्रणाली सावित हुँदै आएको कुरा नेपालको प्राचीन इतिहास बताउँछ। त्यस्तै साझाको पनि उद्देश्य सम्पूर्ण नेपालीहरूको सामूहिक आर्थिक उन्नति हो। त्यसैले पञ्चायती व्यवस्थालाई निरन्तर अगाडि बढाउन साझाको हात महत्वपूर्ण छ।

देशमा आज कृषि पुनर्संगठन एवं भूमिसुधार कार्यलाई सक्रियतापूर्वक अगाडि बढाइएको छ। जमीनको वितरण र जमीनको उत्पादनमा एकोहोरो ढल्किएको प्रकृतिलाई क्रमश: उद्योग व्यवसाय तर्फ मोडी कृषि र उद्योगको सन्तुलित विकास गरी नेपाली जनजीवनको आर्थिक स्थितिमा आमूल सुधार ल्याउन पञ्चायती व्यवस्था संलग्न छ। अमेरिकी उद्योगपति हेनरी फोर्डले भने झैं "एक खुट्टा खेतीमा, अर्को उद्योगधन्धामा" अगाडि सार्ने वर्तमान युगको माग अनुसार कृषि र उद्योगको समान विकास आजको नेपालको लक्ष्य हो भने हुन्छ। जमीनको जमिन्दारी एवं तालुकदारीमा मात्र ढल्किएको पुरानो विचार मानिसलाई उद्योगधन्धा तर्फ आकृष्ट गर्नुछ। साझा खडा भएपछि यसले दिन पर दिन हासिल गर्दै गैरहेको सफलता र लोकप्रियताले गर्दा जनतामा दमन, सहकारिता र उद्योगव्यवसायप्रिय बानीको विकास भएको प्रत्यक्ष छ। सन्साना पूंजीको संकलनद्वारा राष्ट्रको अर्थव्यवस्थालाई सुधार गर्न साझाले महत्वपूर्ण भाग लिइरहेको छ।

अर्को कुरा, नेपालको व्यवस्था कृषि प्रधान हो। अर्थात् नेपाल एक खेतिवाल मुलुक हो। यस्तो देशमा सहकारिताले ठूलो प्राथमिकता पाउनु यहाँ युगको माग हो। साझालाई वढी लोकप्रिय तथा जनकल्याणकारी बनाइएमा यसबाट संकलित हुने पूंजीद्वारा राष्ट्रोन्नतिको महान अभियानमा सक्रिय भाग लिन तथा देशवासीको जीवनस्तर उँचो तुल्याउन सकिने देखिन्छ। वास्तवमा हेर्ने हो भने साझाको सफलता र विकासले पञ्चायती व्यवस्थाको आर्थिक पक्षलाई ठूलो टेवा मिल्दछ। कृषिप्रधान मुलुकमा साना उद्योग धन्धाको आवश्यकता एवं महत्व ठूलो उद्योगधन्धाकोभन्दा बढी रहन्छ नै। अझ सहकारिताका भरमा त्यस्ता सन्साना उद्योगव्यवसाय चलाउनु ता ज्यादै उपयुक्त देखिन्छ। यसैले साझाले त्यसदिशा तर्फ कदम बढाएर देशको आर्थिक जीवनमा राम्रो दूरगामी प्रभाव पार्न सक्तछ।

## साझा आज

नेपालको संविधानमा पञ्चायत प्रणालीका निर्देशक सिद्धान्त अन्तर्गत साझा अर्थ व्यवस्थाको उल्लेख यसरी भएको छ– "देशको आर्थिक उन्नतिमा जन साधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई साझा र निजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै व्यक्ति वा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा अनुचित

आर्थिक दबाव हुन नदिने व्यवस्था गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुनेछ।" यसबाट पञ्चायती व्यवस्थाको आर्थिक लक्ष्यमा प्रकाश पर्दछ। यस व्यवस्थामा मुलुकको आर्थिक उन्नतिको कार्यमा बढी से बढी मात्रामा सर्वसाधारण जनतालाई भाग लिन अवसर प्रदान गरिन्छ। त्यसका लागि साझा र निजी उद्यम वा व्यवसाय-लाई ठीकसंग अगाडि बढाइन्छ। त्यसमा साझा अर्थ व्यवस्थाको महत्व प्रष्ट रूपले महसूस गरिएको छ। साझा अर्थ व्यवस्थामा कतै शोषणको सम्भावना रहन्न। साझा व्यवस्थाले सर्वसाधारण जनतालाई आर्थिक अभिवृद्धि गर्न समान रूपले भाग लिन समान अवसर प्रदान गर्ने प्रयास गर्दछ। नेपालको ग्रामीण अर्थतन्त्रको सुदृढीकरणको लागि साझा र सहकारिताको व्यवस्था सारै प्रभावकारी एवं उपयोगी देखिएको छ। सामाजिक एवं आर्थिक बनोटमा व्यवस्थानुकूल परिवर्तन ल्याई बहुसंख्यक जनताको हित र कल्याण हुने गतिशील कार्यक्रमहरू साझामा समावेश गरिएका छन्।

देशको आर्थिक स्थितिको सुदृढीकरण र जनताको हित र कल्याणका लागि श्री ५ को सरकारले साझाका नयाँ कार्यक्रमहरू तर्जुमा गरेको छ। ती कार्यक्रम अधिराज्यका ३० जिल्लामा २०३३ साल असार १ गतेदेखि लागू पनि भएका छन्। यसबाट ग्रामीण विकासको निमित्त संस्थागत व्यवस्था सम्बन्धी कार्यक्रम अर्थात् "साझा कार्यक्रम" जनताको समक्ष आएको छ। कार्यक्रम लागू गर्ने जिल्लामा साझा संस्थाहरूको नियमानुसार रजिष्ट्रेशन (दर्ता) भै पनि सकेको छ। त्यस क्रममा अनिवार्य बचतको रकम पनि साझाको शेयरमा परिणत गर्ने कार्य भैरहेको छ। सहकारी संस्थाहरू पनि साझामा सम्मिलित भएका छन्।

साझा कार्यक्रमलाई निर्देशन र समन्वय गर्न केन्द्रीय स्तरमा भूमिसुधार तथा खाद्य कृषि मन्त्रीको अध्यक्षतामा "साझा विकास समिति" को गठन भएको छ। त्यसमा गाउँफर्क, योजना आयोग, नेपाल राष्ट्र बैंक, साझा केन्द्रीय कार्यालय, खाद्य कृषि तथा सिचाइ मन्त्रालय, भूमिसुधार मन्त्रालय, उद्योग वाणिज्य मन्त्रालय, खाद्य संस्थान, सहकारी विभाग र कृषि विकास बैंकको प्रतिनिधित्व भएको छ।

जिल्ला स्तरमा साझा कार्यक्रमलाई सञ्चालन गर्न जिल्ला पञ्चायतका सभापति पदेन अध्यक्ष रहने गरी "जिल्ला साझा विकास समिति" गठन हुन्छ। सो जिल्ला साझा विकास समितिमा जिल्ला स्तरका भूमिसुधार अधिकारी वा भूमि प्रशासनका जिल्ला कृषि अधिकृत, धान चामल कम्पनीका महाप्रबन्धक

वा निजले तोकेको प्रतिनिधि, जिल्ला सहकारी अधिकृत वा इन्सपेक्टर सदस्यहरू रहन्छन् । त्यसमा कृषि विकास बैंकका (जिल्ला स्तरीय शाखाका) व्यवस्थापक सदस्य सचिव रहन्छन् ।

पञ्चायती पद्धतिले अपनाएको साझा अर्थ व्यवस्था अन्तर्गत आएको साझा कार्यक्रम आन्तरिक साधनहरूको परिचालनको लागि गतिशील जन सह-भागितापूर्ण एवं व्यवस्थाको आर्थिक लक्ष्यानुकूल कार्यक्रम हो । यस कार्यक्रमबाट देशमा विभिन्न भागका किसानहरूले अनेकौं किसिमका सेवा, सुविधा, सहूलियत र सहायता पाउँदछन् ।

साझा अभियान सफलतापूर्वक सञ्चालन गर्न सरकार र जनताको सद्भावनापूर्ण सहयोग र संयुक्त प्रयास चाहिन्छ । आर्थिक दृष्टिले कमजोर किसान, कालीगढ, साना उद्यमीले आ-आफ्नो हित, संरक्षण र सम्वर्द्धनका लागि साझा संगठनमा प्रवेश गरेर आर्थिक स्रोत क्रमशः जुटाई अगाडि बढ्न साझाले मार्ग प्रर्शन गरेको छ । आफ्ना सहभागी सदस्यहरूलाई आत्मनिर्भरतापूर्वक आर्थिक उन्नतिमा अग्रसर गराउनु साझा कार्यक्रमको लक्ष्य हो ।

गाउँ स्तरमा सेवा पुर्‍याउने कार्यक्रममा संलग्न राष्ट्रिय व्यापार निगम, साल्ट ट्रेडिङ, नेपाल आयल निगम, जूट विकास तथा व्यापार संस्थान, सूर्ति विकास कम्पनी, दुग्ध विकास संस्थान, खाद्य संस्थान आदिले साझा संस्थाहरूलाई गाउँ स्तरको केन्द्र बनाई आ-आफ्ना सेवाको एकाधिकार प्रदान गरिने छ ।

# संविधानको दोस्रो संशोधन

राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट नेपालको संविधानको दोस्रो संशोधन २०३२ सालमा जारी गरिबक्स्यो। संविधानमा सो संशोधन राष्ट्रिय एकता र सार्वभौमिकतालाई अक्षुण्ण राखी त्यसको संरक्षण र सम्वर्द्धन गर्न, व्यवस्थाका आधारभूत विशेषताहरू र गतिशीलतालाई नखलबल्याई त्यसमा बढी सुदृढीकरण ल्याउन, पञ्चायतका विभिन्न निकायलाई जन-शक्ति र स्रोतको अधिकतम परिचालन तथा विकासकार्य सञ्चालनमा बढी सक्षम र प्रभावकारी तुल्याउन र अत्यधिक सहभागी, सहयोगी र उत्तरदायी बनाउने उद्देश्यले गरिएको छ। साथै राष्ट्रिय दृष्टिकोण राख्ने, ग्रामीण वास्तविकतासंग व्यवहारत परिचित व्यवस्थावादी चेतनशील एवं अनुशासित पञ्च कार्यकर्ता बढी संख्यामा तयार गर्नु पर्ने समयको माग वर्तमान संवैधानिक सुधारले पूरा गर्ने लक्ष्य पनि राखेको छ। लोकसम्मतिको आधार तथा विकेन्द्रीकरणको माध्यमलाई अरू बढी परिष्कृत एवं प्रभावकारी बनाउन पञ्चायत, गाउँफर्क राष्ट्रिय अभियान, वर्गीय संगठन र प्रशासनका निकायको कार्यक्षेत्र, जिम्मेवारी र समन्वय प्रष्ट पार्न पनि संविधानको दोस्रो संशोधनको युगान्तकारी देन रहेको छ।

नेपालको संविधानको दोस्रो संशोधनले राष्ट्रिय पञ्चायतको बैठक राष्ट्रिय पञ्चायत नियमावलीको अधीनमा रही सामान्यतया खुला रहने व्यवस्था भएको छ। साथै राष्ट्रिय पञ्चायतको बैठकमा निर्दलीय पञ्चायत व्यवस्थाको विरूद्ध कुनै छलफल गर्न नपाइने व्यवस्था पनि गरिएको छ। राष्ट्रिय पञ्चायतका विरूद्ध कुनै छलफल गर्न नपाइने व्यवस्था पनि गरिएको छ। राष्ट्रिय पञ्चायतका सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको सिफारिशमा श्री ५ बाट हटाउन सकिबक्सने व्यवस्था पनि भएको छ।

संविधानको दोस्रो संशोधनमा गाउँफर्क राष्ट्रिय अभियानलाई संवैधानिक स्थान दिई अनेकौ जिम्मेवारीपूर्ण राजनैतिक अधिकारहरू प्रदान गरिएका छन् ।

संविधानको दोस्रो संशोधनानुसार राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पदावधि चार वर्ष हुन्छ। अब राष्ट्रिय पञ्चायतमा ११२ जना सदस्यहरू निर्वाचित भएर आउँछन् र त्यसको सयकडा २० सदस्य श्री ५ बाट मनोनीत हुन्छ ।

संविधानको दोस्रो संशोधनबाट अब नगरसभाको पनि व्यवस्था भएको छ । पञ्चायतका सबै तहका चुनाव समय साधारणतया माघदेखि चैत महीनासम्म हुने व्यवस्था भएको छ ।

नेपालको संविधानको २०३२ सालमा भएको दोस्रो संशोधन बमोजिम राष्ट्रिय पञ्चायतका कुनै पनि सदस्यले आफ्नो पद अनुकूल आचरण पालन नगरेमा त्यस्ता सदस्यलाई प्रत्याह्वान गर्न सकिने व्यवस्था पनि भएको छ। राष्ट्रिय पञ्चायतमा अब वर्गीय संगठनहरू तथा स्नातकबाट प्रतिनिधि चुनेर पठाउने व्यवस्था हटाइएको छ ।

संविधानको दोस्रो संशोधनले पञ्चहरूलाई बढि जनमुखी, नजसेवी र कर्तव्यपरायण भै आचार संहिताको पूर्ण पालनामा प्रेरित गरेको छ । गाउँफर्क राष्ट्रिय अभियानले गर्ने पञ्च कार्यकर्ताहरूको मूल्याङ्कनको आधार उनीहरूको जनसेवा र जनपरिचालनमा भएको योगदान हुन गएकोले पनि सच्चा जनसेवकहरू नै व्यवस्थाको तहमा माथि उक्लने छन् भन्न सकिन्छ । संविधानको दोस्रो संशोधनले पञ्च, वर्गीय संगठन र गाउँफर्क राष्ट्रिय अभियानका निकायहरूलाई मात्र मन वचन कर्मले व्यवस्थामा सक्रिय हुन घच्घच्याएको होइन, यसले हरेक मन्त्रीमा आफ्नो कार्यक्षेत्रको कामको लागि व्यक्तिगत जिम्मेवारी रहने तुल्याई प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायकमन्त्री सबै उपर अविश्वासको प्रस्ताव ल्याउन सकिने व्यवस्था गरी शासन र प्रशासनका विभिन्न तहमा कर्तव्यपरायणता, नैतिकता र अनुशासनको पालनको महत्वको स्पष्ट बोध गराएको छ । संविधानको दोस्रो संशोधनले यसरी नेपालमा पञ्चायती व्यवस्थालाई आफ्ना विशेष र गतिशील गुण कायम राखी निरन्तर जनमुखी बनाई अगाडि बढाउन युगानुकूल पाइलो चालेको छ ।

# पंचायती व्यवस्थाका विशेषताहरू

राष्ट्रिय दृष्टिकोण तथा राष्ट्रिय हितलाई सर्वोपरि ध्यानमा राखी नेपालले आफ्नो आदर्श, परम्परा, संस्कृति, भौगोलिक परिस्थिति र ऐतिहासिक अवस्थालाई हृदयङ्गम गरी निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्था अपनाएको हो । यस व्यवस्थाले नेपालीलाई दलबन्दी र दलगत शोषण र थिचोमिचोबाट जोगाएको छ । यसले दलविहीनता, वर्ग-समन्वय र विकेन्द्रीकरण जस्ता महत्वपूर्ण सिद्धान्तलाई अँगालेको छ । यसले लोक सम्मतिका आधारमा तलैदेखि उठी सबै जनताको क्रियाशील सहयोग प्राप्त गर्ने शासन व्यवस्था सञ्चालन गर्दछ । एक प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना गर्ने यो व्यवस्थाको उद्देश्य छ ।

पञ्चायत व्यवस्था अन्तर्गत जनतालाई मानवोचित प्रजातान्त्रिक आधारभूत हक र स्वतन्त्रता प्रदान गरिएको छ, साथै नेपाली मात्रको कर्तव्यको व्याख्या गरी कर्तव्य पालना र पञ्चको आचार संहिताको पालनामा महत्व र जोड दिइएको छ ।

पञ्चायत व्यवस्थामा न्यायपालिकालाई पूर्ण स्वतन्त्रता प्रदान गरी स्वतन्त्र न्यायपालिका नेपालीलाई प्राप्त गराइएको छ। मुलुकको सर्वोच्च विधायिका राष्ट्रिय पञ्चायतलाई पूर्णतया अधिकार सम्पन्न तुल्याइएको छ ।

पञ्चायती व्यवस्था कुनै वर्गद्वारा कसैको शोषण नहुने आर्थिक प्रणाली अपनाइएको छ । यसमा वर्गीय शोषण सम्भव छैन । यस व्यवस्थाको वर्गसामञ्जस्यको सिद्धान्तलाई पालन गर्न आर्थिक कदमस्वरूप भूमिसुधार कार्यक्रम कार्यान्वित भयो । हाल आएको साझा कार्यक्रमले पनि पिछडिएका र पिडीत क्षेत्रको ग्रामीण विकासको निमित्त संस्थागत व्यवस्था गरेको छ, जसले स-साना किसान र

उद्यमीलाई आर्थिक समुन्नति र आत्मनिर्भरता हासिल गर्ने कार्यमा युगान्तकारी भूमिका खेल्दैछ ।

पञ्चायती संविधानमा व्यवस्थाका राजनैतिक, आर्थिक र सामाजिक उद्देश्यहरू निर्देशक सिद्धान्त अन्तर्गत प्रस्तुत गरिएका छन् । क्रमिक विकेन्द्रीकरण-द्वारा शासनमा जनताका प्रतिनिधिलाई बढी मात्रामा सरीक गराई प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना गर्न मुलुकको प्रतिभा र साधनको परिचालन गर्नु यस पद्धतिको राजनीतिक लक्ष्य हो । साझा र निजी उद्यमलाई टेवा दिई देशोन्नतिमा जनतालाई बढी मात्रामा संलग्न गराउनु र कुनै व्यक्ति वा वर्गको शोषण हुन नदिनु नै यसको आर्थिक लक्ष्य हो । वर्ग सामञ्जस्य र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना गर्नु चाहिं यसको सामाजिक लक्ष्य छ । विश्वका सबै राजनैतिक दर्शनको विशिष्ठ देन र गुण समावेश भएको यो व्यवस्थामा मौलिक नेपालीपन छ, यो नेपालको संस्कृति, आदर्श र परम्परा अनुकूल व्यवस्था हो । नेपाली संस्कृति र सभ्यताको विकास यही पञ्चायत अन्तर्गत नै युगौंदेखि हुँदै आएको कुरामा इतिहास साक्षी छ ।

# पंचायत इतिहासका पानाबाट

"डाँडाकाँडा र खोलानालाले भरिएको हाम्रो देशको संस्कृति सभ्यताको विकास यही पञ्चायती व्यवस्था अन्तर्गत नै भएको छ। .. .. .. .. .. .. .. पञ्चायत नेपाली जन-जीवनबाट निस्केको व्यवस्था भएकोले यसमा कुनै नौलोपन नहुनु नै यसको विशेषता हो। यसमा नेपालीपन छ र यो नेपालको नै बिरूवा हो।"

पञ्चायती दर्शनका प्रणेता स्व. श्री ५ महेन्द्रका उपरोक्त दुई महा-वाणीहरूले पञ्चायतको ऐतिहासिक पक्षमा यथेष्ट प्रकाश पारेको देखिन्छ।

यो सर्वविदितै कुरा हो– पञ्चायत आज नेपाल र नेपालीको निमित्त एक राजनीतिक दर्शन मात्र होइन, एक संगठन एवं व्यवस्था पनि भैसकेको छ। बाहिरिया वा विदेशीको कानमा यो केही नौलो जच्ला तर नेपालको प्राचीन तथा मध्यकालीन इतिहासको ज्ञान हासिल गरेकालाई भने पञ्चायत नेपाल र नेपालीको निमित्त कुनै नौलो शब्द हो भन्ने लाग्दैन।

पञ्चायतको जरो नेपालको प्राचीन इतिहासमा गडेको छ, नेपालको संस्कृति र परम्परासंग यसको घनिष्ट नाता छ, नेपाली जनजीवनमा यो हजारौं वर्षदेखि कुनै न कुनै रूपमा भिज्दै आएको छ, नेपाली माटो र हावाहरूमा हुर्केको पञ्चायतले नेपाली समाजमा पर्न आएका समयमा कति हुरी कहर खपेको छ र सामान्य नागरिकलाई युगौंदेखि आफूले सक्दो टेवा दिंदै आएको छ। वास्तवमा यहाँ पञ्चायत अन्तर्गत नै नेपालको सभ्यता फक्रिएको इतिहासका पानाहरू यसका ज्वलन्त प्रमाण छन्।

नेपालका प्राचीन किराती राजाहरूको मण्डल तथा महामण्डल व्यवस्थाको अध्ययन गर्दा त्यो पद्धति पञ्चायत सिवाय अरू केही होइन भन्ने प्रष्ट

देखिन्छ। मण्डलकै कुरा लिउँ, किराती राजाहरूको शासनकालमा नेपालमा अनेकौं मण्डलहरू थिए। यस्तो एक मण्डलमा पाँचजना (पञ्च) सदस्यहरू हुन्थे। ती पाँचजना सदस्यहरूमा चारजना सहायकहरू हुन्थे र एकजना अगुवा। (मण्डल अथवा जातिको अगुवा)। स-साना प्रशासनिक कार्यहरू सम्पादन गर्न गठित यस्ता पाँच सदस्य भएको मण्डल एक उत्कृष्ठ संगठन थियो, कारण त्यसमा मण्डल वा जातिमा प्रकाण्ड ठहरिएका विद्वान् तथा परिपक्व भएका अनुभवी व्यक्ति नै निर्वाचित भएर जान्थे। यसप्रकार यस्ता विद्वान् तथा अनुभवी अर्थात् "समाजको नीति" सम्मिलित गरिने व्यवस्था अन्तर्गत हुने विविध लोकोपकारी सुधारहरूको अनुमान सजिलैसंग लगाउन सकिन्छ। ४ वा ५ वटा मण्डलहरूबाट सदस्यहरू लिएर एक महामण्डलको पनि गठन गरिन्थ्यो जसले अलि बृहत् एवं व्यापक कार्यहरू गर्दथे।

पाँचौं र छैठौं शताब्दीहरूमा पञ्चायतको प्रशस्त विकास भयो। साथै यसको कार्यक्षेत्र पनि व्यापक भयो। यो कुरा लिच्छविकालीन पञ्चायत विषयक शिलालेखहरूबाट राम्ररी थाहा हुन्छ। लिच्छवि वंशीय अंशुवर्माका कतिपय शिलालेखहरूले तत्कालीन पञ्चायतहरूको कर्तव्य, अधिकार एवं कार्यविधिको राम्रो झलक प्रस्तुत गर्छन्।

मल्लकालमा काठमाडौं उपत्यकाको स–साना राज्यहरू, प्रदेश, गाउँ र नगरमा बाँडिएका थिए। ती प्रदेश, गाउँ र नगरको स्थानीय प्रशासन सीधा पञ्चायतहरू नै चलाउँदथे। गाउँ र शहरका पञ्चायतहरूमा स्थानीय बयोबृद्ध, अनुभवी तथा विद्वान् व्यक्तिहरू सम्मिलित गरिन्थे। सानातिना मुद्दामामिलाहरू हेर्न तथा स्थानीय मालपोत र बजारको भन्सार महसूल उठाउने काम पनि पञ्चायत-हरू नै गर्दथे। वास्तवमा त्यसबेला केन्द्रीय प्रशासन जस्तो पनि गाउँगाउँमा पञ्चायत-हरू पूर्णतया प्रजातान्त्रिक परिपाटीमा सञ्चालित हुन्थे। पञ्चायतहरू आ-आफ्ना अधिकारको उपयोग गर्दथे र समय समयमा उनीहरूलाई उनको कर्तव्यबारे सरकारद्वारा पनि बोध गराइन्थ्यो। यस कुराको पुष्टयाई गर्ने वि. सं. १७८६ को राजा जगज्जयमल्लको चाँगुमा प्राप्त एउटा तामापत्र छ। मल्ल राजाहरूको शासनकाल पछि हामी आधुनिक नेपालमा प्रवेश गर्दछौं।

आधुनिक नेपालका निर्माता शाहवंशीय श्री ५ बडामहाराज पृथ्वी-नारायण शाह ता लोक सम्मति एवं जनमत हरदम ख्याल राखिबक्सने राजा हुनाले मौसूफको समयमा नेपाली जनताले युगौंदेखि अंगालेर आएको पञ्चायतलाई ठूलो

बल र प्रेरणा प्राप्त भएको देखिन्छ। मौसूफको जनमतप्रति कत्रो सम्मान थियो भन्ने कुरा कालु पाण्डेलाई कजाई दिने सम्बन्धमा घटेको एक घटनाबाट छर्लङ्गिन्छ। यस सिलसिलामा घटेको घटना मौसूफकै दिव्य-उपदेशमा यसप्रकार अंकित छः–

"जढ कुरो मेरा पेटमा थियो सोही जढ कुरो कालु पाण्डेले गर्‍यो र घाहा वालयो वस्यो र मलाई आसर्जेलाग्यो र तर मलाई ता रिझायो दुनिया जस्देषी राजि रहन्छन् उसैलाई काजाई दिनु भन्ने सास्त्रमा पनि कहेकोछ दुनियामा वुझि हेरूभनि वुझि हेर्दा दुनियाबाट पनि कालुपाडेको चाहा रहेछ र कालुपाँडेलाई कजाई दिनु भया हामी दुनियादारमा छाहारि रहंदो हो भन्या सल्लाहा दिया र अब वाइसिचौबिसिले क्या भन्छन्भनि हुँदा बाइसि चौविसिबाट पनि कालुपाँडेकै चाहा रहेछ र कालुपाँडेलाई कजायि भया घाहा घराइस् बलियो राषन्यै छ भन्ने सल्लाह दिया मेरा मनामा ता विराज वषेतिलाई कजाई दिन आटेको थियो तर ज्यादा बुद्धि कालुपाडेकै ठहर्‍यो र कालुपाडेलाई कजाई भयाकै हो।"

राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट समय समयमा यसरी पञ्चायती व्यवस्था-को ऐतिहासिक पक्षमा प्रकाश पारिबक्सेको छः–

"नियालेर हेर्ने हो भने इतिहासले जन्माएको तथा हाम्रो आफ्नै परम्परामा भिजेको पञ्चायती व्यवस्था प्रजातन्त्रको एक वास्तविक स्वरूप प्रमाणित हुन सक्दछ।"

"नेपालको आफ्नो इतिहास, परम्परा र साथै भौगोलिक स्वरूपले गर्दा हामीले निर्दलीय पञ्चायती प्रजातान्त्रिक व्यवस्थाको विकास गरेका छौं।"

"हामीले अपनाई आएको प्रजातन्त्र नेपालको रितिस्थिति र मान्यतामा आधारित छ। यो व्यवस्था इतिहासको क्रममा हाम्रो समाजले हासिल गरेको विकासको स्थितिको वास्तविकताको आडमा उभिएको छ।"

8985

मुद्रकः– श्री ५ को सरकारको छापाखाना,
सिंहदरवार, काठमाडौं ।